# जलवायु परिवर्तन सम्बन्धी पहलकदमी

## नेपालका २४ जिल्लाको अध्ययन प्रतिवेदन




**स्वच्छ उर्जा नेपाल**
(Clean Energy Nepal)

CLEAN ENERGY NEPAL

Climate Change Network Nepal

## प्राक्कथन

यस अध्ययन प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने उल्लेखित व्यक्ति तथा संस्थाप्रति क्लिन इर्नर्जी नेपाल कृतज्ञता व्यक्त गर्न चाहन्छ ।

- आस्था नेपाल, मंगलसेन, अछाम
- इकोलोजिकल सर्भिस सेन्टर, चितवन
- ईर्काड्स, दोलखा
- इन्टीग्रेटेड डेभलपमेन्ट सोसाइटी, डडेलधुरा
- एभरेष्ट कल्ब, दैलेख
- कोशी भिक्टीम सोसाइटी, सप्तरी
- तुलसीमेहर युनेस्को क्लव, गोरखा
- बाल स्वास्थ्य र वातावरण बचाउ समाज, नेपाल, लमजुङ
- दलित वेलफेयर अर्गनाईजेसन, बाँके
- ह्युमेन राईट्स एण्ड इन्भाएरोमेन्ट डेभलपमेन्ट सेन्टर, कालिकोट
- ह्युमेन वेलफेयर एण्ड इन्भाएरोमेन्ट प्रोटेक्सन, नेपाल, दाङ
- नामसालिङ कम्युनिटी डेभलपमेन्ट सेन्टर, इलाम
- नेपाल इन्भाएरोमेन्ट एण्ड एजुकेशन डेभलपमेन्ट सोसाइटी, कञ्चनपुर
- नेपाल रेडक्रस सोसाइटी, रौतहट
- राधाकृष्ण थारू जनसेवा समाज, बर्दिया
- सेतो गुराँस, भोजपुर
- सोसियल वर्कस ग्रुप, उदयपुर
- सुख समाज, बभ्काङ
- वुमन स्किल क्रियसन सेन्टर, मकवानपुर
- वाईएसी नेपाल, कैलाली
- नेपाल पब्लिक अवेकिनिङ फोरम
- साहस, महोत्तरी
- सहमति, नवलपरासी
- पर्वत- मोति प्रसाद शर्मा

© **सर्वाधिकार :** क्लिन इनर्जी नेपाल
**लेखन :** अभिषेक श्रेष्ठ
**सम्पादन :** सुनिल आर्चाय तथा कृति श्रेष्ठ
**मुद्रण प्रति :** ५०० प्रति
**डिजाइन तथा मुद्रण :** वर्ल्डवाइड प्रिन्ट सोलुसन, ५५५५९८९, wpsnepal@gmail.com

साथै अध्ययनको सिलशिलामा सुभाव तथा सल्लाह दिनुहुने लिवर्डका कृष्ण लम्साल, डब्लु.डब्लु.एफ.का युगान मानन्धर, इबिएका मुन प्रधान, अक्सफामका दिपेश चापागाई, बहुसरोकारवाला वन कार्यक्रम (एमएसएफपी)का धर्मराज उप्रेति र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (एनसिसिएसपी)का मीना कुँवर प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छौं । यस अध्ययनलाई अभिलेखन गर्न सहयोग गर्ने नेपाल इन्फो पार्कका शौरभ ढकाल र दीपक खरेल प्रति पनि कृतज्ञता ब्यक्त गर्न चाहन्छौं ।

यो प्रतिवेदन "**दक्षिण एसिया क्षेत्रको जलवायु परिवर्तन नीति सम्बन्धी कार्यक्रममा संलग्न गैरसरकारी निकायहरूको क्षमता अभिवृद्धि गरी विश्वव्यापी जलवायु वार्तामा नेपालको प्रभाव बढाउने परियोजना**" अन्तर्गत नेपालका २४ जिल्लाहरूमा गरिएको स्थलगत अध्ययनको आधारमा तयार पारिएको हो । यो परियोजना स्वच्छ उर्जा नेपालले (क्लिन इनर्जी नेपाल) क्लाइमेट चेन्ज नेटवर्क नेपाल (सीसीएनएन)को तर्फबाट अक्सफाम र युरोपेली युनियनको सहयोगमा सञ्चालन गरिएको हो ।

# विषय सूची


## खण्ड एक

भूमिका ३
अध्ययनको आवश्यकता ४
अध्ययनको उद्देश्य ४
अध्ययनको प्रक्रिया ४

## खण्ड दुई

जिल्ला प्रतिवेदन ५

१. जिल्लाः अछाम ५
२ जिल्लाः बझाङ्ग ७
३ जिल्लाः बर्दिया ८
४. जिल्लाः भोजपुर १०
५ जिल्लाः चितवन १२
६. जिल्लाः उदयपुर १४
७. जिल्लाः महोत्तरी १६
८. जिल्लाः मकवानपुर १८
९. जिल्लाः सप्तरी २०
१०. जिल्ला : बाँके २१
११. जिल्लाः डडेल्धुरा २३
१२. जिल्लाः दाङ २५
१३. जिल्लाः गोरखा २७
१४. जिल्लाः इलाम २९
१५. जिल्लाः कैलाली ३१
१६. जिल्लाः कञ्चनपुर ३३
१७. जिल्ला : लमजुङ ३५
१८. जिल्लाः कालिकोट ३७
१९ जिल्लाः रूकुम ३९
२० जिल्लाः पर्वत ४१
२१. जिल्लाः दैलेख ४३
२२. जिल्लाः नवलपरासी ४५
२३. जिल्लाः रौतहट ४७
२४. जिल्लाः दोलखा ४८

## खण्ड तीन

निष्कर्ष तथा सुझाव ५०

# अध्ययन गरिएका जिल्लाहरूमा सञ्चालित जलवायु परिवर्तन सम्बन्धी मुख्य कार्यक्रमहरू

| क्रम संख्या। | जिल्ला | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम एनसीसीएसपी | हरियो वन कार्यक्रम | बहुसरोकारवाला वन कार्यक्रम | पारस्थितिक प्रणालीमा आधारि अनुकूलन कार्यक्रम | समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटबाट आउने बाढीको जोखिम न्यूनीकरण परियोजना (सीएफजी ओआरआरपी) |
|---|---|---|---|---|---|---|
| १ | अछाम | * | | * | | |
| २ | बाँके | | * | | | |
| ३ | बर्दिया | * | * | | | |
| ४ | भोजपुर | | | * | | |
| ५ | बझाङ | | | * | | |
| ६ | चितवन | | * | | | |
| ७ | दोलखा | | | | | |
| ८ | दाङ | * | | * | | |
| ९ | दैलेख | * | | * | | |
| १० | डडेल्धुरा | | | | | |
| ११ | गोरखा | | * | | | |
| १२ | इलाम | | | | | |
| १३ | कञ्चनपुर | | * | | | |
| १४ | कैलाली | * | * | | | |
| १५ | कालिकोट | * | | * | | |
| १६ | लमजुङ | | * | | | |
| १७ | महोत्तरी | | | | | * |
| १८ | मकवानपुर | | | | | |
| १९ | नवलपरासी | | * | * | | |
| २० | पर्वत | | | * | * | |
| २१ | रूकुम | * | * | | | |
| २२ | रौतहट | | * | | | |
| २३ | सप्तरी | | | | | * |
| २४ | उदयपुर | | | | | * |

# खण्ड एक

# भूमिका

विश्वमा जलवायु परिवर्तन एक महत्त्वपूर्ण र संवेदनशील मुद्दा बन्दै गएको छ । मानवीय गतिविधिकै कारण पृथ्वीको तापक्रममा क्रमिकरूपमा वृद्धि भईरहको र यसले समग्र जलवायुमा अस्वाभाविक रूपमा परिवर्तन भईरहेको तथ्य वैज्ञानिकहरूले प्रमाणित गरिसकेका छन् । जलवायु परिवर्तनले कुनै एक देशलाई मात्र नभई समग्र विश्व समुदायलाई नै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको छ । यसमा विकसित देशहरूको मुख्य भूमिका भएता पनि यसको मार नेपाल जस्ता अति कम विकसित देशहरूले बढी भोग्नु परिरहेको छ । अझ नेपाल लगायत गरीब र अतिकम विकसित देशमा यसको प्रभाव बढी देखिन्छ । विकासोन्मुख देशसँग जलवायु परिवर्तनका असरसँग अनुकूलित हुन आर्थिक र संस्थागत दुवै क्षमता न्यून हुँदा यसको प्रभाव बढी हुन्छ । भौगोलिक बनावट, अवस्थिति र त्यही भौगोलिक बनावटमा भेटिने अद्भूत विविधताका कारण पनि नेपालमा जलवायु परिवर्तन र त्यसले पार्ने प्रभाव बढी हुने आकलन अनुसन्धानहरूले देखाइ सकेका छन् । नेपालमा करीब १५० कि.मि को फरकमा रहेका भौगोलिक वनोटमा विविध जैविक विविधता पाइन्छ । समुन्द्री सतहबाट ७० मिटर देखि ८८४८ मिटर लामो हिम चुचुरो पर्ने क्षेत्र सम्ममा विभिन्न किसिमका जलवायु समेत पाईन्छ । नेपालमा पाइने पृथक जैविक विविधताका कारण पनि नेपालमा जलवायु परिवर्तनका असर बढी हुनसक्छ ।

नेपालमा जलवायु परिवर्तन र यसले पार्ने प्रभावका विषयमा उचित ज्ञानको अभावका कारण समस्या झनै गम्भिर बन्दै गएको निश्कर्ष अनुसन्धानहरूले निकालेका छन् । जलवायु परिवर्तनको क्षेत्रमा क्रियाशिल सङ्घसंस्थाले जनचेतनामूलक कार्यक्रम सँगै समुदायलाई अनुकूलन र प्रविधिका विषयमा ज्ञान, सीप र प्रविधि हस्तान्तरण गरेमात्रै नेपाललाई जलवायु परिवर्तन र त्यसले पार्ने प्रभावबाट नेपाली सुमदाय बच्न र अनुकूलित हुन सम्भव हुने छ ।

स्वच्छ ऊर्जा नेपालले अक्सफाम र युरोपेली सङ्घको सहयोगमा **"दक्षिण एसिया क्षेत्रको जलवायु परिवर्तन नीति सम्बन्धी कार्यक्रममा संलग्न गैरसरकारी निकायहरूको क्षमता अभिवृद्धि गरी विश्वव्यापी जलवायु वार्तामा नेपालको प्रभाव बढाउने परियोजना"** अन्तर्गत नेपालका २४ जिल्लाहरूमा गरेको अध्ययनबाट यो प्रतिवेदन तयार गरिएको छ । यस कार्यक्रम अन्तर्गत स्वच्छ ऊर्जा नेपालले आफ्ना साझेदार संस्थाको सहयोगमा नेपालका २४ जिल्लामा जलवायु परिवर्तनका क्षेत्रमा भईरहेका कार्यहरूको अध्ययन गरेको थियो । अध्ययन सन् २०१२ र २०१३ को बीचमा गरिएको हो । अध्ययनको मुख्य विषयवस्तु जिल्लामा जलवायु परिवर्तनको अवस्था, जलवायु परिवर्तनबाट अनुकूलित हुन चालिएका उपाय तथा कदमहरू, जिल्लास्तरमा जलवायु परिवर्तनका सवालमा भएका वा आउने कार्यक्रम वा परियोजनाहरू साथै आगामी दिनमा सो जिल्लामा जलवायु परिवर्तन केन्द्रीत कार्ययोजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरूलाई प्राथमिकताका साथ अगाडि ल्याउने जमर्को यस अध्ययनले लिएको छ ।

जलवायु परिवर्तनका प्रत्यक्ष असर देखिएसँगै सरकार र गैरसरकारी संस्थाले केन्द्रीय तहमा नीति तथा कार्यक्रम बनाएका छन् । जलवायु परिवर्तनका क्षेत्रमा केन्द्र, क्षेत्र र जिल्लामा अनुकूलन, क्षमता अभिवृद्धि र जिल्लाहरूमा

समुदायमा आधारित कार्यक्रम भईरहेका छन्, त्यस्तै कहाँ कुन कार्यक्रमको आवश्यकता छ र संस्थाहरूका बीचमा समन्वयनको अवस्थाको बारेमा उल्लेख गरिएको छ । एउटा समग्र अध्ययनको आवश्यकतालाई मध्यनजर गर्दै यो अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

## अध्ययनको आवश्यकता

नेपालमा जलवायु परिवर्तनसम्बन्धी विभिन्न पहलकदमीहरू सुरूवात भएपनि यस क्षेत्रमा काम गर्ने सङ्घसस्था र सरोकारवालाहरूबीच समन्वयन नभएको अवस्था छ । जिल्लास्तरमा जलवायुको क्षेत्रमा भएका कार्यहरूको जानकारीका लागि एउटै अध्ययन प्रतिवेदन नभएको अवस्थामा यो प्रतिवेदनले २४ जिल्लाहरूको जलवायुमा परिवर्तनका क्षेत्रमा भएका पहलकदमीको जानकारी दिने छ ।

## अध्ययनको उद्देश्य

- जिल्लामा जलवायु परिवर्तनको वर्तमान अवस्था र भविष्यमा हुन सक्ने अवस्थाको परिदृश्य बारे संक्षिप्त विश्लेषण गर्ने ।
- जिल्लामा जलवायु परिवर्तनका क्षेत्रमा भईरहेका कार्यक्रम र उपलब्धी तथा लागू हुने कार्यक्रमको सक्षिप्त विवरण तयार पार्ने ।
- जलवायु परिवर्तनलाई सम्बोधन गर्न विद्यमान संस्थागत संरचनाको विश्लेषण गर्ने ।

## अध्ययनको प्रक्रिया

जिल्लास्तरमा सूचना सङ्कलनका लागि एउटा ढाँचा तयार गरिएको थियो । (हेर्नुहोस परिशिष्ठ १) । अध्ययनको सुरूवात अघि सीसीएनएन र स्वच्छ ऊर्जा नेपालद्वारा जिल्लामा कार्यरत सरोकारवालाका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । तालिम पछि सहभागीहरूले जिल्लामा अध्ययन कार्य प्रारम्भ गरेका थिए । जिल्लास्तको अध्ययन पश्चात सहयोगी संस्थाका प्रतिनिधीहरूले जिल्लास्तरीय प्रतिवेदन तयार गरेका थिए । यो प्रतिवेदन तिनै २४ जिल्लाको संक्षिप्त रूप हो ।

# खण्ड दुई

# जिल्ला प्रतिवेदन

## १. जिल्लाः अछाम

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल विष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| उच्च | अति न्यून | उच्च | अति उच्च | अति न्यून |

**विकास क्षेत्र :** सुदुर पश्चिमाञ्चल
**अञ्चल :** सेती
**औसत तापक्रम :** न्यूनतमः ५ डिग्री सेल्सीयस
अधिकतमः ३० डिग्री सेल्सीयस
**औसत वर्षा :** १,८९१ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ६४० देखि ३,८२० मिटर
**भौगोलिक बनावट :** पहाडी र उच्च पहाडी
**हावापानी :** समशीतोष्ण




*जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

खडेरीको सम्भावना अति उच्च रहेको यस जिल्लामा पछिल्लो तीस वर्षमा अतिवृष्टी, खण्डवृष्टी र बाढी जस्ता मुख्य समस्या देखिएका छन् । बाढी पहिरोले खेती योग्य जमिन कटान गर्दा खाद्यान्न उत्पादनमा कमी आएको अनुभव समुदायको छ ।

*भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

अध्ययनको क्रममा समुदायले पानीको अभावका कारण खाद्यान्न वालीहरूमा पर्याप्त सिँचाइ नहुनाले उत्पादनमा कमी हुन सक्ने बताएका छन् । पानीका स्रोतहरू सुक्दै जानाले सुख्खा क्षेत्र बढ्न सक्नेछ, उब्जाउ जमिनको खोजीमा समुदायले बसाइसराइलाई व्यापक बनाउन सक्ने समेत उनीहरूले बताए ।

## जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम

| कार्यक्रम आयोजनाहरू | लक्ष्य/उद्धेश्य | भौगोलिक कार्यक्षेत्र र लक्षित समूह | बजेट र समय सिमा | दातृ निकाय | कार्यान्वयन गर्ने संस्था |
|---|---|---|---|---|---|
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | अछाम जिल्लाका ७५ वटै गाविस | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. १,९९,३३,५६४ | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग | आइडिएस नेपाल |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | नेपालका गरीब तथा अति सङ्कटासन्न जनताहरू जलवायु परिवर्तनका असरसँग सक्षमताका साथ अनुकुलित हुन नेपाल जलवायु सहयोग कार्यक्रमले सुनिश्चत गर्दछ । | ढुङ्गाचल्ला, तुर्माखाड, घोड्सैं, भैरवस्थान, नाडा | सन् २०१२ देखि २०१५ सम्म, कार्यक्रम सञ्चालित क्षेत्रको लागि रू. ७,३६,४७,००० | बेलायती सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, युरोपियन कमीसन र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा जिल्ला ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन इकाई मार्फत कार्यान्वयन हुने । जिल्ला स्थित विभिन्न गैरसरकारी संस्था, सामाजिक संस्था र निजी क्षेत्रको सहयोगमा स्थानीय स्तरमा कार्यान्वयन गर्ने । |

## जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था

आरएससी डोटी, आइडीएस नेपाल, आस्था नेपाल, रामरोसन विकाश समाज अछाम ।

## संस्थागत संरचना

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

# २ जिल्ला: बभाङ्ग

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल विष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| मध्यम | अति न्यून | उच्च | उच्च | अति न्यून |

**विकास क्षेत्र :** सुदूरपश्चिमाञ्चल
**अञ्चल :** सेती
**औसत तापक्रम :** न्यूनतम: २० डिग्री सेल्सीयस
अधिकतम: ३५ डिग्री सेल्सीयस
**औसत वर्षा :** ५० देखि १५० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ९१५ देखि ७,०३६ मिटर
**भौगोलिक बनावट :** हिमाली तथा पहाडी
**हावापानी :** समशीतोष्ण, सितोष्ण




### *जिल्लामा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

बभाङ्गमा अनावृष्टि, अतिवृष्टि, तापक्रममा वृद्धि, मौसममा अनियमितता, रोग तथा किराको वृद्धि हुँदै गएको समुदायले अनुभव गरेका छन् ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

यहाँ बाढीको जोखिम अति न्यून रहेपनि भूक्षय तथा खडेरीको सम्भावना उच्च रहेको छ । पहिरोले उब्जाउ जमिन बगाउँदा उत्पादनमा कमी आउने छ । मानव बस्तीहरू भूक्षयको जोखिमा रहेका छन् ।

### *जलवायु परिवर्तका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधी | दातृ निकाय | कार्यान्वयन गर्ने संस्था |
|---|---|---|---|---|---|
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | बभाङ्ग जिल्लाका सबै गाविस | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. १,६२,१५,६२३ | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग | आइडिएस नेपाल |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

सुख समाज विकास केन्द्र बभाङ्ग, युएमएन बभाङ्ग, उच्च पहाडी विकास परियोजना, जिल्ला वन कार्यालय बभाङ्ग, सामुदायिक वन उपभोक्ता महासङ्घ बभाङ्ग, आइडीएस नेपाल ।

### *संस्थागत संरचना*

जलवायु परिवर्तनको मुद्दालाई सम्बोधन गर्न जिल्लास्तरीय सञ्जालको गठन भएको छ । सञ्जालमा जिल्लामा रहेका सरकारी र गैरसरकारी सङ्घसंस्थाहरू आवद्ध छन् । सञ्जालको सचिवालय जिल्ला वन कार्यालयमा रहेको छ ।

# ३ जिल्लाः बर्दिया

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| अति न्यून | अति न्यून | मध्यम | मध्यम | अति न्यून |

**विकास क्षेत्र :** मध्यपश्चिमाञ्चल
**अञ्चल :** भेरी
**औसत तापक्रम :** न्यूनतमः ३ डिग्री सेल्सीयस, अधिकतमः ३८ डिग्री सेल्सीयस
**औसत वर्षा :** १,७४७.९५ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ७७ मिटर
**भौगोलिक बनावट :** चुरे पर्वत र समथर भूमी र भू-धरातलिय चाक्लो आकारमा फैलिएको छ ।
**हावापानी :** सितोष्णम र उष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

अनावृष्टि, अतिवृष्टि, तापक्रममा वृद्धि, मौसममा अनियमितता रोग तथा किराको वृद्धि जस्ता समस्या देखिएको छ । अध्ययनका क्रममा समुदायले पुराना जातका कृषिजन्य बीउ बिजनहरू लोप हुँदै गएको बताए । उनीहरूले माटोमा अम्लीयपन बढ्दै जाँदा बालीचक्रमा समेत परिवर्तन भईरहेको बताए । त्यस्तै प्रत्येक वर्ष बालीनालीमा नयाँ-नयाँ रोग र किरा देखिन थालेको जानकारी दिए ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

बर्दियामा नियमित वर्षा र समयमा परिवर्तन आउँदा कृषि उत्पादनमा कमी आएको समुदायले बताएका छन् । त्यस्तै सुख्खाको सम्भावना बढ्दै गएको र बालीनालीमा नयाँ-नयाँ रोग र किटाणु देखा पर्न थालेको उनीहरूले बताए ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भैगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधी | दातृ निकाय | कार्यान्वयन गर्ने संस्था |
|---|---|---|---|---|---|
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | नेपालका गरीब तथा अति सङ्कटासन्न जनताहरू जलवायु परिवर्तनका असरसँग सक्षमताका साथ अनुकुलित हुन नेपाल जलवायु सहयोग कार्यक्रमले सुनिश्चत गर्दछ । | मनाउ, पतावर, खैरिचन्दनपुर, शिवपुर, गोला | सन् २०१२ देखि २०१५ सम्म, कार्यक्रम सञ्चालित क्षेत्रको लागि रू. ७,६४,४४,००० | बेलायती सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, युरोपियन कमीसन र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा जिल्ला ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन इकाइ मार्फत कार्यान्वयन हुने । जिल्ला स्थित विभिन्न गैरसरकारी संस्था, सामाजिक संस्था र निजी क्षेत्रको सहयोगमा स्थानीय स्तरमा कार्यान्वयन गर्ने । |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भैगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधी | दातृ निकाय | कार्यान्वयन गर्ने संस्था |
|---|---|---|---|---|---|
| हरियो वन कार्यक्रम | तोकिएका भूपरिधिमा जैविक विविधतामा हुने जोखिम न्यूनीकरण गर्ने, प्रभावकारी र दिगो भू-परिधि व्यवस्थापन मूलतः वन फडानी र वन विनासको माध्यमबाट हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण कार्य सञ्चालन गर्न आवश्यक क्षमता र संरचनाको विकास गर्ने, लक्षित मानव समुदाय तथा पारिस्थितिकीय प्रणालीहरूमा जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सामना गर्ने क्षमतामा वृद्धि गर्ने । | नेपालका ग्रामीण समुदाय मुख्यतः गरीब र विपन्न घरपरिवार र जलवायु सङ्कटासन्न समुदाय | सन् २०११ देखि २०१६ सम्म | अमेरिकी सहयोग नियोग | विश्व वन्यजन्तु कोष नेपाल, केयर नेपाल, फेकोफन, र राष्ट्रिय प्रकृति संरक्षण कोष |
| तल्लोतहबाटै रेड कार्यक्रमको सक्षमता विकास गर्ने | ग्रामीण तहबाटै रेड प्लस सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | वन उपभोक्ता समूह | पहिलो चरणमा सन् २००९ जुलाईदेखि सन् २०१०<br>दोस्रो चरणमा सन् २०१० जुलाईदेखि सन् २०१३ | नोराड | फेकोफन |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

विश्व वन्यजन्तु कोष नेपाल, केयर नेपाल, फेकोफन, र राष्ट्रिय प्रकृति संरक्षण कोष ।

### *संस्थागत संरचना*

बर्दिया जिविसको अगुवाईमा जिल्ला ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन इकाई रहेका छन् । त्यस्तै वन कार्यालयको समन्वय समिति समेत सक्रिय रहेको छ । यसबाहेक जिल्लास्तरमा क्रियाशिल सङ्घसंस्थाका बीचमा समन्वयनकारी भूमिका खेल्ने कुनै निकाय रहेको छैन ।

## ४. जिल्लाः भोजपुर

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| मध्यम | अति न्यून | मध्यम | मध्यम | मध्यम |

**विकास क्षेत्र :** पूर्वाञ्चल
**अञ्चल :** कोशी
**औसत तापक्रम :** न्यूनतमः ०.१ डिग्री सेल्सीयस
अधिकतमः ३२ डिग्री सेल्सीयस
**औसत वर्षा :** १५६० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** १५२ देखि ४,१५३ मिटरसम्म
**भौगोलिक बनावट :** पहाडी, उच्च पहाडी र केही हिमाली
**हावापानी :** समशीतोष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

भोजपुरमा जलवायुजन्य असर देखिएका छन् । अत्याधिक वर्षाका कारण बाढी पहिरो देखिएको तर त्यही वर्षकै अन्तमा सुख्खा भएको थियो । भोजपुरमा निश्चित स्थानमा मात्र वर्षा हुनुका साथै कतैकतै असिनासँगै मुसलधारे वर्षा समेत भएको थियो । यस बाहेक समुदायले वर्षाचक्रमा परिवर्तन आएको महसुस गरेका छन् ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

मौसमीचक्रमा आएको परिवर्तनले कृषि उत्पादनमा कमी आउन सक्नेछ । अध्ययनका क्रममा समुदायले बर्षेनी कृषि उत्पादन घट्दै गएको अनुभव सुनाए । यसले खाद्यान्न अभावको स्थिति सिर्जना हुन सक्ने छ । तापक्रममा भएको वृद्धि सँगै रोग र किराको संक्रमण बढ्न सक्ने अनुमान गरिएको छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भैगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधी | दातृ निकाय | कार्यान्वयन गर्ने सस्था |
|---|---|---|---|---|---|
| नविकरणीय ऊर्जा विकास कार्यक्रम | लक्षित वर्गहरूको ऊर्जाको आवश्यकता पूर्ती, कार्वन उत्पादन घटाउने र स्वच्छ वातावरण कायम गर्ने । | जिल्लाका गाविसहरू | वार्षिक रूपमा अनुमानित रू. ९,२६,५०० | एडिवी र एनसिडिसी | एनसिडिसी शाखा कार्यालय भोजपुर |
| जीविकोपार्जनको लागि वन कार्यक्रम | जलवायु परिर्वतनका प्रभावसँग जुध्न र अनुकूलन हुन सामुदायिक वनको कार्ययोजना परिमार्जन र समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने । | लभान्वित सामुदायिक वन उपभोक्ता समूह | सूचना उपलब्ध नभएको | वन कार्यालय भोजपुर | वन कार्यालय भोजपुर |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भैगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधी | दातृ निकाय | कार्यान्वयन गर्ने सस्था |
|---|---|---|---|---|---|
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | भोजपुर जिल्लाका सवै गाविस | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. १,६२,१५,६२३ । | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग | आरआरएन नेपाल |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशील सङ्घसंस्था*
एनसिडिसी, वन कार्यालय भोजपुर, आरआरएन नेपाल ।

### *संस्थागत संरचना*
जिल्लामा जलवायु परिवर्तनका सम्बन्धमा देखिएको समस्या हल गर्न भोजपुरमा सरकारी तथा गैरसरकारी संस्थामा प्रतिनिधि सम्मिलित जिल्लास्तरीय संरचना निर्माण भएको छ । जसमा स्थानीय विकास अधिकारी (एलडिओ) प्रमुख रहने व्यवस्था गरिएको छ । संरचना यस प्रकार रहेको छ :

**संयोजक : जिविस प्रमुख (एलडिओ)**
- सदस्य, जिल्ला वन कार्यालय प्रमुख (डिएफओ)
- सदस्य, जिल्ला वन महासङ्घ प्रतिनिधि
- जिल्ला पशु सेवा कार्यालय प्रतिनिधि
- जिल्ला कृषि विकास प्रमुख प्रतिनिधि
- सामुहिक अभियान भोजपुर प्रतिनिधि

जलवायु परिवर्तन अनुकूलनको मुद्दालाई नीतिगत तहमा सम्बोधन गर्न भोजपुरमा बेग्लै संरचना समेत निर्माण भएको छ । जसका पदाधिकारीहरू निम्नलिखित रहेका छन् :
- संयोजक, जिविस प्रमुख (एलडिओ)
- सदस्यहरू, सम्बन्धित मन्त्रालय अन्तर्गतको जिल्लास्तरीय कार्यालयहरू (जिल्ला वन, कृषि, पशु, वन महासङ्घ र अन्य) र स्थानीय निकाय गैरसरकारी संस्थाहरू, सामुदायिक संस्था निजी क्षेत्र र स्थानीय सेवा प्रदायकहरू । त्यस्तै वन कार्यालयको समन्वय समिति समेत सक्रिय रहेको छ ।

# ५ जिल्ला: चितवन

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| उच्च | उच्च | अति न्यून | न्यून | न्यून |

**विकास क्षेत्र :** मध्यमाञ्चल
**अञ्चल :** नारायणी
**औसत तापक्रम :** न्यूनतम: ७ डिग्री सेल्सीयस
अधिकतम: ४२.५ डिग्री सेल्सीयस
**औसत वर्षा :** २१५० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** १४४ मिटरदेखि १,९४७ मिटर
**भौगोलिक बनावट :** चुरे पहाड र समथर भूमी
**हावापानी :** उष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

बाढी, पहिरो तथा सुख्खा जस्ता प्रकोप समुदायले भोग्दै आएका छन् । २०४८ मा बाढी तथा पहिरोले भण्डारा, पिप्ले र बछौरी क्षेत्र प्रभावित भएको थियो । त्यस्तै २०६४ मा आएको बाढीले माडी क्षेत्र नै बगाएको थियो । जलवायु परिवर्तनका कारण चितवनमा हुँदै आएको बर्षे धान र चैते धानको उत्पादनमा कमी आएको छ । बर्षे धानको उत्पादनमा गरिएको एक अध्ययनले पछिल्लो १७ वर्षमा उत्पादनमा एकरूपता नदेखिएको तथ्य ऊजागर गरेको हो । त्यस्तै सोही अध्ययनले गहुंको उत्पादन घट्दै गएको देखाएको छ । दुबै मुख्य बालीको उत्पादन घट्नु र एकरूपता नहुनुमा सुक्दै गएका पानीका मुहान र त्यसमा आश्रित सिँचाइ मुख्य रहेको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

तिव्ररूपमा भईरहेको वन फडानीले बाढीको प्रकोप अझ बढ्नसक्ने अनुमान गरिएको छ । मौसमीचक्रमा परिवर्तन आउनाले कृषि उत्पादन प्रभावित हुन सक्ने सम्भावना देखिन्छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्यक्रम अवधी | दातृ निकाय | कार्यक्रम सञ्चालन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| जलवायु परिवर्तनका असरसँग अनुकूलनका लागि सुरुबाट नै स्थानीय सोच तथा प्रयोगबाटै जीविकोपार्जन गराउने । | कृषि तथा प्राकृतिक स्रोतमा आश्रित ग्रामीण समुदायका विशेषगरी महिलाहरूलाई जलवायु परिवर्तनको जोखिमको सामना गर्न सुरुबाट नै सहभागितामूलक कार्यक्रम सञ्चालन गर्ने । | जिल्लाका सम्पूर्ण गाविस | सूचना उपलब्ध नभएको | इको सेन्टर | इको सेन्टर |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्यक्रम अवधी | दातृ निकाय | कार्यक्रम सञ्चालन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| प्रयोगात्मक अध्ययन : सुख्खा तथा मरूभूमीकरण क्षेत्रमा अनुकूलता | सुख्खा तथा मरभुमीकरण क्षेत्रको अध्ययन र त्यस क्षेत्रमा बसोबास गर्ने कृषकका लागि अनुकूलन कार्यक्रम र वैकल्पिक उपाय तथा प्रविधि उपलब्ध गराउने । | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | इको सेन्टर | इको सेन्टर |
| हरियो वन कार्यक्रम | तोकिएका भूपरिधिमा जैविक विविधतामा हुने जोखिम न्यूनीकरण गर्ने, प्रभावकारी र दिगो भू-परिधि व्यवस्थापन मूलतः वन फडानी र वन विनासको माध्यमबाट हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण कार्य सञ्चालन गर्न आवश्यक क्षमता र संरचनाको विकास गर्ने, लक्षित मानव समुदाय तथा पारिस्थितिकीय प्रणालीहरूमा जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सामना गर्ने क्षमतामा वृद्धि गर्ने । | ग्रामीण समुदाय मुख्यतः गरीब र विपन्न घरपरिवार र जलवायु सङ्कटासन्न समुदाय | सन् २०१२ देखि २०१५ सम्म | अमेरिकी सहयोग नियोग | राष्ट्रिय प्रकृति संरक्षण कोष, विश्व वन्यजन्तु कोष, फेकोफन, केयर नेपाल |
| नोर्डिक सहकार्य कार्यक्रम | वनमा आधारीत समुदायको दिर्घकालीन आर्थिक विकासका लागि जलवायु परिवर्तन र त्यसको असर अनुकूलन गर्न सघाउ पुऱ्याउने । वनमा सुमदायको निर्भरता घटाउदै लैजाने । | जिल्लाभर | कुल बजेट ४,५१,७१५ युरो मार्च ५ २०१४ देखि २०१५ सम्म | डेनिस फरेष्ट्री एक्सटेन्सन | डब्लुसिएन, चौधरी बायोसेस नेपाल |
| पशुधन, जीविकोपार्जन र जलवायु परिवर्तन सम्बन्धी अर्न्तक्रिया | जलवायु परिवर्तनले पशुधन, जीविकोपार्जनमा पुऱ्याएको असर न्यूनीकरण तथा अनुकूलनका लागि अर्न्तक्रिया गर्ने | जिल्लाभर | सन् २०१२ देखि २०१५ सम्म | सीआएसपी र अमेरिकी सहयोग नियोग | लिबर्ड |
| नेपालका सामुदायिक वनलाई हरितगृह ग्यास उत्सर्जनमा कमी ल्याएकोमा रेड अन्तर्गत निकायको गठन तथा भुक्तानी दिने कार्यक्रम | रेडको राष्ट्रिय रणनीतिमा सहभागिता गराउन नागरिक समाज तथा समुदायको क्षमता विकास गर्ने । दीर्घकालका लागि हरितगृह ग्यास उत्सर्जन कोष स्थापना गर्ने, समुदायमा आधारित वनको व्यवस्थापन रेडको रणनीति अनुसार गर्ने | चर्नावति जलाधार क्षेत्र | जुलाई २००९ देखि मे २०१३ सम्म | एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेसन नोराड | इसिमोड, फेकोफन, एनसाब सामुदायिक वन उपभोक्ता समिति |

### जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था

प्राक्टीकल एक्सन, केयर नेपाल, एनटीएनसी, विश्व वन्यजन्तु कोष, फेकोफन, इको सेन्टर, फरवार्ड, डेनिस फरेष्ट्री एक्सटेन्सन, डब्लुसिएन, चौधरी बायोसेस नेपाल, बायोसेस इर्नर्जी, सामुदायिक वन उपभोक्ता समितिहरू, इसिमोड, फेकोफन, एनसाब ।


### संस्थागत संरचना

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## ६. जिल्ला: उदयपुर

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भू क्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| अति उच्च | अति न्यून | अति उच्च | मध्यम | मध्यम |

**विकास क्षेत्र :** पूर्वाञ्चल
**अञ्चल :** सगरमाथा
**औसत तापक्रम :** न्यूनतम : १६ डिग्री सेल्सीयस
अधिकतम : ३८ डिग्री सेल्सीयस
**औसत वर्षा :** २,१५२ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ३६० देखि २,३१० मिटरसम्म
**भौगोलिक बनावट :** पहाडी, बेशी, टार र तराई
**हावापानी :** मनसुनी, उपउष्ण र न्यानो समशीतोष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

उदयपुर जिल्लामा वर्षाको अनियमितता, न्यून वर्षा र वर्षा हुँदै नहुने समस्या देखिन्छ । २०६६/६७ सालमा सुख्खा र खडेरीका कारणले गर्दा समयमा धान रोपाईं हुन नसक्नु र फस्टाउन नसक्नुको कारणले गर्दा उत्पादनमा ह्रास आएको देखिन्छ । प्रतिकुल वर्षाका कारण आउने बाढीले खेतीयोग्य जमीन बालुवाले पुर्ने र उब्जाउ माटो बगाउने समस्या देखिएको छ । आँपमा लाग्ने किराका कारण उत्पादनमा ९० प्रतिशत कमी आएको तथ्याङ्कमा देख्न सकिन्छ । त्यस्तै बाढीको समस्या र कहिलेकाही पहिरोले समेत उदयपुरमा धनजनको क्षति हुने गरेको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

वन जङ्गलको विनाश भई वन्यजन्तु र पंक्षीहरू लोप भएर जान सम्भावना बढदै गएको समुदायको बुझाई छ । त्यस्तै बाढी पहिरोले जनधनको क्षति हुन सक्ने सम्भावना छ । बाली लगाउने समयमा भएको परिवर्तनले कृषि उत्पादनमा कमी आउने अनुमान गर्न सकिन्छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना सञ्चालन गर्ने सङ्घसंसथा |
|---|---|---|---|---|---|
| समुदायमा आधारित बाढी तथा हिमताल फुटने जोखिम न्यूनीकरण कार्यक्रम | बाढी, पहिरो तथा हिमताल फुटेर हुनसक्ने धनजनको क्षति न्यूनीकरण गर्ने | सूचना उपलब्ध नभएको | सन् २०१३ देखि २०१७ सम्म (परियोजनाको कुल बजेट ७.२५ मिलियन युएस डलर) | जिईफ, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम | मौसम तथा जलवायु विज्ञान विभाग |
| खाद्यमा अधिकार कार्यक्रम (राइट टु फुड) | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | केयर | लिबर्ड, साहस |

*जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*
समाज सेवी समूह, उदयपुर, पञ्चावति ग्रामीण विकास केन्द्र, जिल्ला कृषि विकास कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, ओरेक नेपाल शाखा कार्यालय, उदयपुर ।

उदयपुर जिल्लामा भएका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरूले जलवायु परिवर्तनका असर न्यूनीकरण गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । केही वर्ष अगाडि पञ्चावति ग्रामीण विकास केन्द्रले जलवायु परिवर्तनको सवालमा केही कार्य गरेको भएतापनि हाल सो कार्यक्रम सञ्चालन नभएको अवस्था रहेको छ । समाज सेवी समूहले पछिल्लो २ वर्षदेखि जलवायु परिवर्तनका क्षेत्रमा काम गर्दै आईरहेको छ ।

*संस्थागत संरचना*
जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## ७. जिल्ला: महोत्तरी

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| उच्च | अति उच्च | अति न्यून | मध्यम | अति न्यून |

**विकास क्षेत्र :** मध्यमाञ्चल
**अञ्चल :** जनकपुर
**औसत तापक्रम :** न्यूनतमः ५.६ डिग्री सेल्सीयस
अधिकतमः ४० डिग्री सेल्सीयस
**औसत वर्षा :** १,८४१.१ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ६१ देखि ८०८ मिटरसम्म
**भौगोलिक बनावट :** उत्तरतर्फ पत्रेदार चुरे तथा भावर क्षेत्र र दक्षिण तर्फ समथर मैदान
**हावापानी :** सितोष्ण, समशितोष्ण र उष्ण




### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना कार्यान्वयन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| समुदायमा आधारित बाढी तथा हिमताल फुटने जोखिम न्यूनीकरण कार्यक्रम | बाढी, पहिरो तथा हिमताल फुटेर हुनसक्ने धनजनको क्षति न्यूनीकरण गर्ने । | सूचना उपलब्ध नभएको | सन् २०१३ देखि २०१७ सम्म (परियोजनाको कुल बजेट ७.२५ मिलियन युएस डलर) | विश्व वातावरण सहजीकरण कार्यक्रम, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम | मौसम तथा जलवायु विज्ञान विभाग |

### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

पछिल्लो ३० बर्षको वर्षाको तथ्याङ्क विश्लेषणले खडेरी र बाढीको प्रकोप दुई तीन वर्षमा दोहोरिने गरेको पाईयो । बाढीले धनजनमा क्षति पुऱ्याउने गरेको छ । सन् १९८७ मा सबैभन्दा बढी पानी पर्नाले बाढीको प्रकोप निम्त्याएको थियो भने सन् २००९ मा सबभन्दा कम पानी परेकोले खडेरी भएको थियो ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

पानी पर्ने मौसममा फेरबदल हुनाले कृषि उत्पादन प्रभावित भईरहेको समुदायको अनुभव छ । समुदायले पानीका स्रोत सुक्दै गएको बताए । खडेरीका समयावधी बढ्दै गएको र बर्षा चक्रमा परिवर्तन भईरहेको अनुमान समुदायले गरेका छन् ।

*जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*

जवास, साहास, डिएससिवो, डिएडिवो, जिल्ला वन कार्यालय, फेकोफन, डिएचओ, केयर नेपाल, आरवाईसी, एलडीटीसी, सीडीएएफएन, सीआरटी, इएसएपी

*संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## ८. जिल्लाः मकवानपुर

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| मध्यम | अति न्यून | उच्च | न्यून | अति न्यून |

### परिचय

**विकास क्षेत्र :** मध्यमाञ्चल

**अञ्चल :** नारायणी

**औसत तापक्रम :** न्यूनतम : १७.७ डिग्री सेल्सीयस
अधिकतम : ७.६ डिग्री सेल्सीयस

**औसत वर्षा :** १,४५० मिलिमिटर

**उचाई (समुन्द्री सतहबाट) :** १६६ देखि २,५८४ मिटरसम्म

**भौगोलिक बनावट :** महाभारत श्रृंखला र चुरे पर्वत

**हावापानी :** समशितोष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

मकवानपुरमा गरिएको पाँच दशक लामो अध्ययनमा कृषि उत्पादनमा क्रमिक रूपमा कमी आउँदै गरेको तथ्य पत्ता लागेको थियो । मुख्यगरी हेटौंडा नगरपालिका र चुरिया गाविसका समुदाय उर्वराशक्तिमा ह्रास, पहिरो र बाढीको समस्यामा रहेका छन् । त्यस्तै तापक्रममा भएको वृद्धि र बालीमा लाग्ने नयाँ रोगले समेत उत्पादनमा कमी आईरहेको छ । विक्रम सम्वत् २०१७ देखि २०५४ सम्ममा बाढीको क्षमता र बारम्बारतामा वृद्धि हुँदै गएको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

अध्ययनका क्रममा समुदायले वनपैदावरको तिव्र कटानले बन्यजन्तुको बासस्थानमा असर पर्ने गरेको बताए । उनीहरूका अनुसार मयुर, कोइली, बाँदर, हरिण, वनकुखुरा, न्याउली आदि वन्युजन्तु र पंक्षी बिस्तारै लोप हुँदै जाने छन् । त्यस्तै पानीका मुहान सुक्न थालेका छन् जसले कृषि उत्पादनमा कमी आउने आङ्कलन गर्न सकिन्छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना कार्यान्वयन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| नोर्डिक सहकार्य कार्यक्रम | वनमा आधारित समुदायको दिर्घकालीन आर्थिक विकासका लागि जलवायु परिवर्तन र त्यसको असर अनुकूलन गर्न सघाउ पुऱ्याउने । वनमा सुमदायको निर्भरता घटाउँदै लैजाने । | जिल्लाभर | ४,५१,७१५ युरो । मार्च ५ २०१४ देखि २०१५ सम्म | डेनिस फरेष्ट्री एक्सटेन्सन | डब्लुसिएन, चौधरी बायोसेस नेपाल, बायोसेस इर्नर्जी |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना कार्यान्वयन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| जिल्ला जलवायु तथा ऊर्जा योजना | लैङ्गिक तथा सामाजिक समावेशीकरण मार्फत जलवायु परिवर्तन प्रती अनुकूलन हुन र न्यूनीकरण गर्न दिगो र समानताका आधारमा कुन ऊर्जा स्रोत र प्रविधिको प्रयोग उपयुक्त हुन्छ भन्ने सन्दर्भ सहित मकवानपुर जिल्लाको जिल्ला ऊर्जा योजना निर्माण गर्नु रहेको छ । | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | नेपाल सरकार, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, युकेएड, एसएनभी | जिल्ला विकास समितिको कार्यालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, एसएनभी |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

डब्लुसिएन, चौधरी बायोसेस नेपाल, बायोसेस इर्नर्जी, जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समितिहरू, जिविस, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, एसएनभी ।

### *संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

# ९. जिल्ला: सप्तरी

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| अति उच्च | उच्च | अति न्यून | अति उच्च | अति न्यून |

**विकास क्षेत्र :** पूर्वाञ्चल
**अञ्चल :** सगरमाथा
**औसत तापक्रम :** न्यूनतम : ७.२२ डिग्री सेल्सीयस
अधिकतम : १४६.११ डिग्री सेल्सीयस
**औसत वर्षा :** १,५८८ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ३०५ मिटर
**भौगोलिक बनावट :** समथर तराई र बलौटे
**हावापानी :** उष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

समुदायले बाढी प्रभावित जिल्लाका रूपमा वर्षेनी ठूलो धनजनको क्षति बेहोर्दै आएका छन् । सुख्खा, खडेरी (मौसमी वर्षामा कमी, बेमौसमी वर्षा), बालीको उत्पादनमा ह्रास, ईनारहरू हराउँदै गएको उनीहरूको अनुभव छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

जिल्लामा रोग व्याधिमा वृद्धि हुनाले मानवीय तथा पशुमा असर देखा पर्न सक्ने अनुमान गरिएको छ । त्यस्तै खानेपानीको समस्या देखा पर्न सक्नेछ । अत्यधिक वर्षाका कारण खेतिपाति योग्य जमिन जलमग्न हुन गई कृषि उत्पादनमा कमी आउन सक्ने अनुमान गरिएको छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना कार्यान्वयन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| समुदायमा आधारित बाढी तथा हिमताल फुटने जोखिम न्यूनीकरण कार्यक्रम | बाढी, पहिरो तथा हिमताल पुटेर हुनसक्ने धनजनको क्षति न्यूनीकरण गर्ने | प्रभावित गाविसहरू | सन् २०१३ देखि २०१७ सम्म (परियोजनाको कुल बजेट ७.२५ मिलियन युएस डलर) | जिइफ, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम | मौसम तथा जलवायु विज्ञान विभाग |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

कोशी भिक्टिम (कोशी पिडित समाज) सोसाइटी, सप्तरी ।


### *संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## १०. जिल्ला : बाँके

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| अति न्यून | न्यून | अति न्यून | न्यून | अति न्यून |

**विकास क्षेत्र :** मध्य पश्चिमाञ्चल
**अञ्चल :** भेरी
**औसत तापक्रम :** न्यूनतम : ४.२ डिग्री सेल्सीयस
अधिकतम : ४६ डिग्री सेल्सीयस
**औसत वर्षा :** १,९१२ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ७७ मिटर
**भौगोलिक बनावट :** चुरे पर्वत र तराई समथर
**हावापानी :** उष्ण र समशितोष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*
विगतमा बाढीका कारण बाँके जिल्लाका अधिकांश भूभाग डुवानमा परेका थिए । डुवानको समस्या अन्य समस्या भन्दा मुख्य रहेको पाइयो । साथै बढ्दो तापक्रमका कारण जनस्वास्थ्यमा नकारात्मक असर परेको जिल्लाबासीले अनुभव गरेको पाइयो ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*
अध्ययनले जलजन्य प्रकोपमा वृद्धि हुन सक्ने देखाएको छ । त्यस्तै तापक्रमको वृद्धिले स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने अनुमान गरिएको छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना कार्यान्वयन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| बाढी पूर्व सूचना कार्यक्रम | राप्ती तथा अन्य नदीको बहाव बढना साथ सूचना दिने । | बाढी प्रभावित सबै गाविसहरू | सूचना उपलब्ध नभएको | प्राक्टिकल एक्शन नेपाल | जिल्ला प्रशासन कार्यालय |
| तटबन्धन, बायो इन्जीनियरिङ कार्यक्रम | तटबन्धनिर्माण तथा बायो इन्जीनियरिङ सम्बन्धी कार्य गर्ने । | | | | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय |
| हरियो वन कार्यक्रम | तोकिएका भू-परिधिहरूमा जैविक विविधतामा हुने जोखिम न्यूनीकरण गर्ने, प्रभावकारी र दिगो भू-परिधि व्यवस्थापन मूलतः वनफडानी र वन विनासको माध्यमबाट हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण कार्य सञ्चालन गर्न आवश्यक क्षमता र संरचनाको विकास गर्ने, लक्षित मानव समुदाय तथा पारिस्थितिकीय प्रणालीहरूमा जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सामना गर्ने क्षमतामा वृद्धि गर्ने । | सामुदायिक वन उपभोक्ता समूह | २०११ देखि २०१६ सम्म | अमेरिकी सहयोग नियोग | केयर नेपाल, विश्व वन्यजन्तु कोष, राष्ट्रिय प्रकृति संरक्षण कोष |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना कार्यान्वयन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| तल्लोतहबाटै रेड कार्यक्रमको सक्षमता विकास गर्ने | ग्रामीण तहबाटै रेड प्लस सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | सूचना उपलब्ध नभएको | पहिलो चरणमा २००९ जुलाई देखि २०१० दोस्रो चरणमा २०१० जुलाई देखि २०१३ | नोराड | फेकोफन |

### *जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*

केयर नेपाल, आइ.एन.एफ., प्लान नेपाल, प्राक्टीकल एक्शन नेपाल, फियान नेपाल, एक्शन एड नेपाल, सेभ द चिल्ड्रेन, रेडक्रस सोसाइटी, बाँके सामुदायिक वन महासङ्घ, बाँके, दलित सेवा सङ्घ, आर.आर.एन, भेरी वातावरणीय समूह, बाँके जनजाति महासङ्घ, सामुदायिक विकास तथा अनुसन्धान केन्द्र, रूपान्तरण नेपाल ।

### *संस्थागत संरचना*

दलित सेवा सङ्घले मध्य पश्चिमाञ्चल स्तरीय एन.जि.ओ. एन.सी.सी. को सचिवालयको रूपमा रही जलवायु परिवर्तनको सवालमा जिल्लामा छलफल अन्तर्क्रिया तथा बहस चलाउने गरेको छ भने सदस्य संस्थाहरूको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था समेत मिलाउने कार्य गर्दै आइरहेको छ ।

# ११. जिल्लाः डडेल्धुरा

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भू-क्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| मध्य | अति न्यून | न्यून | उच्च | अति न्यून |

**विकास क्षेत्र :** सुदुर पश्चिमाञ्चल
**अञ्चल :** महाकाली
**औसत तापक्रम :** न्यूनतमः ३.६ डिग्री सेल्सीयस
अधिकतमः ३२.७ डिग्री सेल्सीयस
**औसत वर्षा :** १३४३.६ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ४६२ देखि २६३९ मिटरसम्म
**भौगोलिक बनावट :** भित्री मधेश र पहाडी
**हावापानी :** उत्तर पुर्वी क्षेत्रमा चिसो तथा दक्षिण पश्चिम क्षेत्रमा केही न्यानो हावापानी




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

जलवायु परिवर्तनले जिल्लामा कृषि, खानेपानी तथा मानव स्वास्थ्यमा बढी प्रभाव पारेको देखिन्छ । खडेरीका कारण कृषि उत्पादनमा प्रभाव परेको र उत्पादकत्त्वमा कमी आएको देखिन्छ । बालीमा विभिन्न प्रकारका नयाँ रोगहरू देखा पर्ने गरेको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

तरकारी बालीको उत्पादनमा अझै कमी आउन सक्ने अनुमान गरिएको छ । पानीका स्रोतहरू सुक्न थालेकाले जीविकोपार्जनमा असर पर्ने सम्भावना रहेको छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | कार्यरत सङ्घ संस्था |
|---|---|---|---|---|---|
| रेडप्लसका लागि क्षमता अभिवृद्धि | कार्वन उत्सर्जन लाई कम गर्न वनजङ्गलको संरक्षण गर्ने, जलवायु परिवर्तन सम्बन्धी जानकारी दिने, रेडप्लसका अवधारणाहरू बारे जानकारी दिने । | जिल्ला भरी | २०६६ देखि २०६९ | रिकप्ट नेपाल | जिल्ला कृषि विकास कार्यालय |
| जलवायुका लागि सचेतना कार्यक्रम | जलवायु परिवर्तन सम्बन्धी जनचेता फैलाउने । | आलिताल, शिर्ष, जोगबुडा | वार्षिक कार्यक्रममा नियमित | जिल्ला भू-संरक्षण कार्यालय, डडेल्धुरा | जिल्ला कृषि विकास कार्यालय |
| जलवायु परिवर्तन अनुकूलन तथा वकालत परियोजना | जलवायु परिवर्तन र अनुकूलन बारे आधारभूत जानकारी दिने, स्थानीय तहमा जलवायु परिवर्तनका विषयमा पैरवी गर्ने | आलिताल | वि.सं २०६७ देखि २०६९ सम्म सञ्चाल भएको | अक्सफाम | एकीकृत विकास समाज-डडेल्धुरा |

*जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशील सङ्घसंस्था*

अक्सफाम, जिल्ला कृषि विकास कार्यालय, डडेल्धुरा सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) जिल्ला भू-संरक्षण कार्यालय, डडेल्धुरा ग्रामीण प्रविधि केन्द्र, एकीकृत विकास समाज-डडेल्धुरा ।


*संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## १२. जिल्लाः दाङ

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| न्यून | अति न्यून | मध्यम | न्यून | अति न्यून |

**विकास क्षेत्र :** मध्य पश्चिमाञ्चल
**अञ्चल :** राप्ती
**औसत तापक्रम :** न्यूनतमः २.५ डिग्री सेल्सीयस
अधिकतमः ४० डिग्री सेल्सीयस
**औसत वर्षा :** १७०० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** २१३ देखि २०५८ मिटरसम्म
**भौगोलिक बनावट :** महाभारत, चुरे
**हावापानी :** उष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

समुदायले मुख्यतया सुख्खा, बाढी, पहिरो र रोगव्याधी जस्ता जलवायुजन्य असर भोगिरहेको अध्ययनमा देखिएको छ । समुदायले विरूवा मर्ने, वनक्षेत्रको जग्गा कटान, वन्यजन्तुको वासस्थान र आहारको समस्या बढ्दै गएको बताए । झाडापखाला, आउँ, आखा सम्बन्धी रोगहरूले समयसमयमा संक्रमणकै रूप लिने गरेको पाइयो । त्यस्तै पानीका स्रोतहरू सुक्दै गइरहेका छन्, इनार तथा बोरीङ्गहरूमा पानीको सतह घट्दो छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

कृषि उत्पादनमा ह्रास आउदै गएको समुदायको अनुभव छ । पानीका स्रोतहरू सुक्न गई जनजीविकामा असर पर्ने अनुमान गरिएको छ । रोगको प्रकोप मानिस र बालीनालीमा बढ्न सक्ने सम्भावना रहेको छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | कार्यक्रम सञ्चालक सङ्घसंस्था |
|---|---|---|---|---|---|
| अन्तरिम वन, तराई भू-परिधि | जलवायु परिवर्तनका असरबाट जैविक विविधता नष्ट हुनबाट रोक्ने । | दाङ जिल्लाका ३६ सा.व.उ.स. | वार्षिक रू. ३,६०,००० | विश्व वन्यजन्तु कोष | विश्व वन्यजन्तु कोष ताल |
| रेड सचेतिकरण, नविकरणीय ऊर्जा | रेड र जलवायु परिवर्तन अभिमुखीकरण, सुधारिएको चुलो । | दाङ जिल्ला | सूचना उपलब्ध नभएको | रिकोएपटीसी, इएसएपी, अमेरिकी सहयोग नियोग | वन महासङ्घ दाङ |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | कार्यक्रम सञ्चालक सङ्घसंस्था |
|---|---|---|---|---|---|
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | नेपालका गरीब तथा अति सङ्कटासन्न जनताहरू जलवायु परिवर्तनका असरसँग सक्षमताका साथ अनुकुलित हुन नेपाल जलवायु सहयोग कार्यक्रमले सुनिश्चत गर्दछ । | गोलटाकुरी, राजपुर, बाघमारा, हँसिपुर, बेला | सन् २०१२ देखि २०१५ सम्म, कार्यक्रम सञ्चालित क्षेत्रको लागि रू. ६९,४०,००,००० | बेलायती सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, युरोपियन कमीसन र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा जिल्ला ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन इकाइ मार्फत कार्यान्वयन हुने । जिल्ला स्थित विभिन्न गैरसरकारी संस्था, सामाजिक संस्था र निजी क्षेत्रको सहयोगमा स्थानीय स्तरमा कार्यान्वयन गर्ने । |
| नेपाल जलवायु परिवर्तन अनुकूलन पहल कार्यक्रम | ग्रामीण तथा गरिब सुमदायलाई जलवायु परिवर्तनका असरको अनुकूलन गर्न सक्षम बनाउने । जलवायु परिवर्तनबाट उत्पन्न अवसरको खोजी र उपयोगबाट आर्थिक लाभ दिने । | जिल्लाभर | २०१२ देखि २०१७ | आईडीए र अमेरिकी सहयोग नियोग | रूपान्तरण तथा रिम्स नेपाल |
| तल्लोतहबाटै रेड कार्यक्रमको सक्षमता विकास गर्ने | ग्रामीण तहबाटै रेड प्लस सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | | पहिलो चरणमा २००९ जुलाईदेखि २०१० दोस्रो चरणमा २०१० जुलाई देखि २०१३ | नोराड | फेकोफन |
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | दाङ जिल्लाका सबै गाविस | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. १,९९,१३,७७१ | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग | रूपान्तरण नेपाल |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

जिल्ला वन कार्यालय दाङ, विश्व वन्यजन्तु कोष ताल, वन तथा वातावरण संरक्षण समन्वय समिति गढवा, देउखरी सामुदायिक वन उपभोक्ता महासङ्घ दाङ, रिकोएफटीसी, इस्याप, समन्वय समितिमार्फत विभिन्न सा.व.उ. समूहहरू, मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र दाङ, अन्तरिम वन, रूपान्तरण नेपाल, एचडब्लुइपीसी दाङ, जिल्ला विकास समितिको कार्यालय दाङ ।


### *संस्थागत संरचना :*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## १३. जिल्लाः गोरखा

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| उच्च | अति न्यून | उच्च | मध्यम | अति उच्च |

**विकास क्षेत्र :** पश्चिमाञ्चल
**अञ्चलः** गण्डकी
**औसत तापक्रम :** न्यूनतम : १४ डिग्री सेल्सीयस
अधिकतम : २५ डिग्री सेल्सीयस
**औसत वर्षा :** १,४९२ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** २२८ देखि ८,१६३ मिटरसम्म
**भौगोलिक बनावट :** उच्च हिमाली र पहाडी
**हावापानी :** उष्ण, समशितोष्ण, शितोष्ण, हिमाली/लेकाली




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*
अध्ययनका क्रममा जलवायु परिवर्तनका कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वनजङ्गल तथा जैविक विविधता, स्वास्थ्य, पर्यटन तथा पूर्वाधारमा प्रतिकुल असर परेको देखियो ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*
जलवायु परिवर्तनको असरका कारण कृषि उत्पादनमा कमी आई खाद्य सङ्कट अझ गहिरिन सक्ने अनुमान गरिएको छ । पानीको अभावमा केही गाउँहरू नै विस्थापित हुन सक्ने खतरा रहेको समुदायको आकलन छ । त्यस्तै भविष्यमा हिमताल विष्फोट हुन सक्ने सम्भावनालाई समेत नकार्न सकिंदैन ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | कार्यक्रम सञ्चालन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| रेड कार्यक्रम सञ्चालन | नविकरणीय ऊर्जा तथा वन संरक्षण र बिस्तार गर्ने । | सामुदायिक समूह | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | सामुदायिक वन महासङ्घ |
| जलवायु परिवर्तन सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने | स्थानीय स्तरमा जलवायु परिवर्तन र त्यसको प्रभावका विषयमा जनचेतना अभिवृद्धि कार्यक्रम । | सामुदायिक वन उपभोक्ता समूह | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | तुलसी मेहेर युनेस्को क्लब |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | कार्यक्रम सञ्चालन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| हरियो वन कार्यक्रम | तोकिएका भू-परिधिहरूमा जैविक विविधतामा हुने जोखिम न्यूनीकरण गर्ने, प्रभावकारी र दिगो भू-परिधि व्यवस्थापन मूलतः वनफडानी र वन विनासको माध्यमबाट हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण कार्य सञ्चालन गर्न आवश्यक क्षमता र संरचनाको विकास गर्ने, लक्षित मानव समुदाय तथा पारिस्थितिकीय प्रणालीहरूमा जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सामना गर्ने क्षमतामा वृद्धि गर्ने । | | २०११ देखि २०१६ सम्म | अमेरिकी सहयोग नियोग | केयर नेपाल, विश्व वन्यजन्तु कोष, राष्ट्रिय प्रकृति संरक्षण कोष, फेकोफन |
| नेपालका सामुदायिक वनलाई हरितगृह ग्यास उत्सर्जनमा कमी ल्याएकोमा रेड अर्न्तगत निकायको गठन तथा भुक्तानी दिने कार्यक्रम | रेडको राष्ट्रिय रणनीतिमा सहभागिता गराउन नागरिक समाज तथा समुदायको क्षमता विकास गर्ने । दीर्घकालका लागि हरितगृह ग्यास उत्सर्जन कोष स्थापना गर्ने, समुदायमा आधारित वनको व्यवस्थापन रेडको रणनीति अनुसार गर्ने | लुडिखोला जलाधार क्षेत्र | जुलाई २००९ देखि मे २०१३ सम्म | एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेसन नोराड | इसिमोड, फेकोफन, एनसाब सामुदायिक वन उपभोक्ता समिति |

### *जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*

तुलसी मेहेर युनेस्को क्लब, सामुदायिक वन महासङ्घ, हरियो वन परियोजना, मनास्लु क्षेत्र संरक्षण आयोजना ।

### *संस्थागत संरचना*

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एउटा सञ्जालको स्थापना भएको छ, जसले जलवायु परिवर्तनको क्षेत्रमा समन्वयात्मक भूमिका निर्वाह गरिरहेको छ ।

## १४. जिल्ला: इलाम

| नापा सङ्कटासन्नता सूचाङ्क | बढीबाट हुने जोखिम सूचाङ्क | भुक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| अति न्यून | अति न्यून | न्यून | अति न्यून | अति न्यून |

**विकास क्षेत्र :** पूर्वाञ्चल
**अञ्चल :** मेची
**औसत तापक्रम :** न्यूनतम : ० डिग्री सेल्सीयस
अधिकतम : ३१ डिग्री सेल्सीयस
**औसत वर्षा :** ५७८ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** १८० देखि ३७०० मिटरसम्म
**भौगोलिक बनावट :** उच्च हिमाली र उच्च पहाडी
**हावापानी :** उपउष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

इलामको कृषि क्षेत्रलाई जलवायु परिवर्तनले निकै प्रभावित परिरहेको छ । इलामको मुख्य पेशा कृषि भएको कारण यसले यहाँका बासिन्दाहरूको जीविकोपार्जनमा ठूलो असर पुऱ्याएको समुदायले बताएका छन् । २० वर्ष अघिको तुलनामा ३० देखि ३५ प्रतिशतले पानीका मुहानहरू सुक्दै गइरहेको जिल्लास्थित विज्ञहरूको अनुभव छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

यहि गतिमा जलवायु परिवर्तनको असर बढ्ने हो भने कृषिका लागि धनी मानिने जिल्लामै अनिकाल हुनसक्ने अनुमान समुदायले गरेका छन् । समुदायका अनुसार बढ्दो रोगकिरा, लामो खडेरी र अनिश्चित वर्षाका कारण जीविकोपार्जनमा धेरै असर पुग्ने सम्भावना छ । अनियमित वर्षाका कारणले धान लगाउने समय पछाडि सरेको छ यसले उत्पादनमा कमी आउनसक्ने अनुमान गर्न सकिन्छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | कार्यक्रम सञ्चालन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| रेड प्लस सम्बन्धी कार्यक्रम | इलाम जिल्लामा रेड प्लस सम्बन्धी जानकारी र तालिम दिने, तल्लोतहबाटै रेड कार्यक्रमको सक्षमता विकास गर्ने । | इलाम जिल्ला | यो तालिम र गोष्ठी २०११ देखि २०१२ गरेर २ वर्षको अवधिको लागि रहेको र कुल लागत २ लाख भन्दा कम रहेको छ । | नेपाल आदिबासी जनजाती महमसङ्घ (नेफिन), नोराड, एआइपिपि, इडब्लुजिइए, टेवटेवा फाउन्डेसन, फेकोफन | नेफिन |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | कार्यक्रम सञ्चालन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| जिल्ला जलवायु तथा ऊर्जा योजना - २०६७ इलाम | लैङ्गिक तथा सामाजिक समावेशीकरण मार्फत जलवायु परिवर्तन प्रती अनुकूलन हुन र न्यूनीकरण गर्न दिगो र समानताका आधारमा कुन ऊर्जा स्रोत र प्रविधिको प्रयोग उपयुक्त हुन्छ भन्ने सन्दर्भ सहित इलाम जिल्लाको जिल्ला ऊर्जा योजना निर्माण गर्नु रहेको छ । | | परियोजना अवधिः ३ वर्ष (२०११/१२-२०१३/१४) | नेपाल सरकार,विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, युके एड, एसएनभी | जिल्ला विकास समितिको कार्यालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, एसएनभी, एनसिडिसि |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

एपेक एनसीडीसी, इलाम नगरपालिका, नामसालिङ्ग सामुदायिक विकास केन्द्र, सिम नेपाल, उद्योग वाणिज्य सङ्घ इलाम, नेपाल आदिबासी जनजाति महासङ्घ (नेफिन), एईप, फेकोफन ।

### *संस्थागत संरचना*

नामसालिङ्ग सामुदायिक विकास केन्द्रले गैरसरकारी संस्थाबीच समन्वयका लागि सचिवालयको भूमिका निभाईरहेको छ ।

## १५. जिल्ला: कैलाली

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल विष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| न्यून | मध्यम | अति न्यून | न्यून | अति न्यून |

**विकास क्षेत्र :** सुदुर पश्चिमाञ्चल
**अञ्चल :** सेती
**औसत तापक्रम :** न्यूनतमः ५ डिग्री सेल्सीयस
अधिकतम : ४३ डिग्री सेल्सीयस
**औसत वर्षा :** १८४० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** १०९ देखि १९५० मिटरसम्म
**भौगोलिक बनावट :** तराई तथा पहाडी
**हावापानी :** उष्ण, शितोष्ण र उष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

देशका बाढी प्रभावित जिल्लामध्ये कैलाली पनि एक हो । जलवायु परिवर्तनका असरका कारण हुरी, बतास, शितलहर, महामारी, बाढी तथा पहिरो, डुवान आदि दोहरिरहेका छन् । यसमध्ये बाढी प्रमुख रूपमा देखिन्छ भने पहिरो, भू-क्षय तथा हुरीबतासका घटनाहरू पनि उल्लेख्य रहेका छन् । आकासे पानीमा निर्भर कृषि प्रणालीमा अनियमित वर्षाको कारणले उत्पादन घटिरहेको छ । हिमाली क्षेत्रमा हिँउ नपर्नाले माटोको चिस्यानमा प्रभाव परी घाँस तथा अन्न उत्पादनमा ह्रास आउँदा पशुपालन तथा खेतिपातिमा नकारात्मक असर परेको देखिन्छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

अध्ययनले वार्षिक वर्षा चक्रमा देखिएको परिवर्तनले लामो अवधिसम्म खडेरी वा अत्याधिक वर्षाका कारण परम्परागत कृषि पद्धतिमा अवरोध हुनसक्ने अनुमान गरेको छ । समुदायले बाढी, पहिरो तथा डुवानका घटनाहरूमा वृद्धि हुनसक्ने सम्भावना रहेको बताए ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| नापा सङ्कटासन्नता सूचाङ्क | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना लागु गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| हरियो वन कार्यक्रम | वन विनास र क्षयीकरण हुनबाट बचाई, जैविक विविधताको संरक्षण तथा सम्वर्द्धन, दिगो भू-व्यवस्थापन गरी, महिला तथा सिमान्तकृत वर्गहरूको जीविकोपार्जन तथा लैगिंक समावेशीकरणको आधारमा सुशासन कायम गर्न सहयोग पुर्‍याउने । | ७ गाविस, १ नगरपालिका | सन् २०११ देखि २०१६ सम्म | अमेरिकी सहयोग नियोग | विश्व वन्यजन्तु कोष, राष्ट्रिय प्रकृति संरक्षण कोष, केयर नेपाल, फेकोफन |

| नापा सङ्कटासन्नता सूचाङ्क | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना लागु गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| जलवायु परिवर्तन बारे जनचेतना अभिवृद्धि | जलवायु परिवर्तन सम्बन्धी जनचेतना जगाई सञ्जाल गठन गर्ने । | परियोजनाको कुल लागत : रू. २,२५,००० | ६ महिना | लिर्बड | याक नेपाल |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | नेपालका गरीब तथा अति सङ्कटासन्न जनताहरू जलवायु परिवर्तनका असरसँग सक्षमताका साथ अनुकुलित हुन नेपाल जलवायु सहयोग कार्यक्रमले सुनिश्चत गर्दछ । | धङ्गिनपुर, भजानी, लालबोजि, नारायणपुर र टिकापुर नगरपालिका | सन् २०१२ देखि २०१५ सम्म, कार्यक्रम सञ्चालित क्षेत्रको लागि रू. ८,२५,८०,००० | बेलायती सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, युरोपियन कमीसन र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा जिल्ला ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन इकाइ मार्फत कार्यान्वयन हुने । जिल्ला स्थित विभिन्न गैरसरकारी संस्था, सामाजिक संस्था र निजी क्षेत्रको सहयोगमा स्थानीय स्तरमा कार्यान्वयन गर्ने |
| तल्लोतहबाटै रेड कार्यक्रमको सक्षमता विकास गर्ने | ग्रामीण तहबाटै रेड प्लस सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | | पहिलो चरणमा २००९ जुलाईदेखि २०१०<br>दोस्रो चरणमा २०१० जुलाईदेखि २०१३ | नोराड<br>अक्सफाम | फेकोफन<br>एफएवाइए (फाया) नेपाल |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

विश्व वन्यजन्तु कोष, राष्ट्रिय प्रकृति संरक्षण कोष, केयर नेपाल, फेकोफन, लिर्बड, याक नेपाल ।

### *संस्थागत संरचना*

याक नेपालले गैरसरकारी संस्था समन्वयका लागि सचिवालयको भूमिका निभाईरहेको छ ।

## १६. जिल्ला: कञ्चनपुर

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| न्यून | मध्यम | अति न्यून | मध्यम | अति न्यून |

**विकास क्षेत्र :** सुदुर पश्चिमाञ्चल
**अञ्चल :** महाकाली
**औसत तापक्रम :** न्यूनतम : ३ डिग्री सेल्सीयस
अधिकतम : ४३ डिग्री सेल्सीयस
**औसत वर्षा :** १,७१५ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** १६० देखि १,५२८ मिटर
**भौगोलिक बनावट :** तराई
**हावापानी :** उष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*
अध्ययनमा जलवायु परिवर्तनका असरका कारण नयाँनयाँ रोगको प्रकोप बढ्दै गएको देखिन्छ । रासायनिक मलको प्रयोग गर्दा उत्पादन बढे पनि यसले कृषिमा दिर्घकालीन समस्या देखिन सक्छ । स्थानीय विउहरू लोप हुँदै गएको र बाली लगाउने तथा रोप्ने समय बिस्तारै परिवर्तन भईरहेको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*
रोग र महामारीको प्रकोप बढ्न सक्ने समुदायले अनुमान गरेका छन् । वन विनाशका कारण तापक्रममा क्रमिक वृद्धि हुँदैजाने सम्भावना समेत रहेको छ । अनियमित वर्षाका कारण बाढीको प्रकोपका साथसाथै कृषि उब्जनीमा नकारात्मक असर पर्ने स्थानीयहरूको अनुमान रहेको छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना तथा कार्यक्रम लागू गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| हरियो वन | तोकिएका भू-परिधिहरूमा जैविक विविधतामा हुने जोखिम न्यूनीकरण गर्ने, प्रभावकारी र दिगो भू-परिधि व्यवस्थापन मूलतः वनफडानी र वन विनासको माध्यमबाट हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण कार्य सञ्चालन गर्न आवश्यक क्षमता र संरचनाको विकास गर्ने, लक्षित मानव समुदाय तथा पारिस्थितिकीय प्रणालीहरूमा जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सामना गर्ने क्षमतामा वृद्धि गर्ने । | कञ्चनपुर जिल्ला भरी विशेषतः चुरे क्षेत्र | सन् २०११ देखि २०१६ सम्म | अमेरिकी सहयोग नियोग | विश्व वन्यजन्तु कोष, केयर एनटीएनसी, नेपाल, फेकोफन |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित बर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना तथा कार्यक्रम लागू गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| ग्रामीण जीविकोपार्जन सुधारका लागि जलवायु उत्थानशिलता कार्यक्रम | जलवायु परिवर्तनका असर र विपद् जोखीमका असरलाई न्यूनीकरण, अनुकूलन योजना तथा व्यवस्थापनका माध्यमबाट ग्रामीण भेगका विपन्न समुदायको जीवनस्तरमा सुधार ल्याउने । | श्रीपुर, शंकरपुर, रामपुर, बिलासीपुर, लक्ष्मीपुर, देखतभुली, कृष्णपुर गाविसहरू | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | एफसीए/एलडब्लुएफ |
| रेडप्लस, वनको संरक्षणका लागि वैकल्पिक ऊर्जा | ग्रामीण समुदायमा भईरहेको दाउराको अत्याधिक उपयोगमा कमी ल्याउने ग्रामीण समुदायमा रेडप्लसको अवधारणा बारे जानकारी दिने | ग्रामीण समुदायमा भईरहेको दाउराको अत्याधिक उपयोगमा कमी ल्याउने, ग्रामीण समुदायमा रेडप्लसको अवधारणा बारे जानकारी दिने | १ वर्ष | फेकोफन कञ्चनपुर | केन्द्रिय फेकोफन |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

निड्स, अक्सफाम, लिवर्ड, याक नेपाल, र निड्स अक्सफाम, निड्स कञ्चनपुर, विश्व वन्यजन्तु कोष मार्फत सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल रेडक्रस सोसाईटी, एनएनएसडब्लुए, सामुदायिक वातावरणीय केन्द्र-नेपाल

### *संस्थागत संरचना*

याक नेपालले जलवायु परिर्वतनमा गैरसरकारी संस्थाको संजालको क्षेत्रिय सचिवालयको भूमिका निभाईरहेको छ । गैरसरकारी संस्थाहरूले ग्रामीणस्तरमा सञ्जाल बिस्तार गर्दै कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

## १७. जिल्ला : लमजुङ

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| अति उच्च | न्यून | अति उच्च | अति न्यून | उच्च |

**विकास क्षेत्र :** पश्चिमाञ्चल
**अञ्चल :** गण्डकी
**औसत तापक्रम :** न्यूनतम : ३ डिग्री सेल्सीयस
अधिकतम : २७ डिग्री सेल्सीयस
**औसत वर्षा :** ३,३०६ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ३८५ देखि ८,१६२ मिटरसम्म
**भौगोलिक बनावट :** उच्च हिमाली तथा पहाडी
**हावापानी :** उष्ण, समशितोष्ण र शितोष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

हालका दिनमा जिल्लाको उत्तरतर्फ रहेका हिमालहरू पग्लिन थालेका छन् । हिउँले ढाक्ने पहाडहरूमा ऊजाड रूखो चट्टान मात्र देखिन थालेको समुदाय बताउँछन् । लेकका घाँसे खर्कहरूमा पाइने घाँसहरू हराउने, विभिन्न प्रजातिका झारहरू बढ्ने र चरण क्षेत्र लोप हुने सम्भावना बढेको पाइन्छ । पानीका मुलहरू घट्दै र सुक्दै गएका छन् । लेकमा रहेका हिमताल, तलैया र कुण्डहरू सुक्ने वा फुट्ने खतरामा छन् । नदीखोलाहरूमा पाइने असला माछा हराउँदै गएका छन् । जडीबुटीहरू लोप हुँदै गएका छन् । बेमौसममा फूलहरू फुल्न थालको छन्, फलफूलहरू पाक्न थालेका छन् । लालीगुराँस माघ फागुनमा नै फुल्न थालेको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

समुदायले खाद्यान्न सङ्कट भइ भोकमरीको अवस्था सिर्जना हुन सक्ने अनुमान गरेका छन् । पानीको मुहान सुक्दै गएकाले जनजीविकामा असर अझ बढ्ने उनीहरूले बताए । बाढी र पहिरोका घटनामा वृद्धि हुने अनुमान गर्न सकिन्छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना कार्यान्वयन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| समुदायद्वारा सञ्चालित जलवायु अनुकूलन परियोजना | वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी समुदायको आर्थिक अवस्थामा सुधार र जनचेतनामा अभिवृद्धि गर्दै वन तथा वातावरण संरक्षणमा सहयोग पुऱ्याउने । | लमजुङ जिल्लाको ६ वटा गाविसहरू विचौर, ईलमपोखरी, कोल्की, गौंडा, प्यारजुङ र मोहोरीयाकोट गा.वि.स | ३ वर्ष, कुल बजेट रू. १,०७,४७,४५७ | लुथरन वर्ल्ड रिलिफ, युएसए | जनचेतावृद्धि र विकास अध्ययन समिति |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना कार्यान्वयन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| हरियो वन कार्यक्रम | जैविक विविधतामा हुने जोखिम न्यूनीकरण गर्ने । प्रभावकारी र दिगो भू-परिधि व्यवस्थापन मुलतः वनफडाँनी र वन विनासको माध्यमबाट हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण कार्य सञ्चालन गर्न आवश्यक क्षमता र संरचनाको विकास गर्ने लक्षित मानव समुदाय तथा पारिस्थितिकिय प्रणालीहरूमा जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सामना गर्ने क्षमतामा वृद्धि गर्ने । | लमजुङ जिल्लाका विभिन्न १० गाविसहरू (सुन्दरबजार, भोटेवडार, तार्कुघाट, राईनास मोहोरीयाकोट, अर्चलबोट, भार्ते, उदीपुर, भुलभुले, बाहुनडाँडा र घेर्मु ) | सन् २०१२ देखि २०१६) | अमेरिकी सहयोग नियोग | विश्व वन्यजन्तु कोष, केयर, राष्ट्रिय प्रकृति संरक्षण कोष, फेकोफन |
| रेड कार्यक्रम (विकासोन्मुख देशहरूमा वनविनास र वनक्षयीकरण बाट हुने उत्सर्जन कटौती कार्यक्रम) | वनको दिगो संरक्षण मार्फत कार्बन उत्सर्जन कटौती गरिने रेड रणनीतिको तर्जुमा तथा कार्यान्यवनमा आदिबासी जनजातिहरूको हक अधिकार स्थापित गराउने । | लमजुङ जिल्लाको बाँफाखेत गाविसको वडा नं. १, र सोही वडाको आसपासको ६ सम्मका वडाहरू खासुर गाउँमा (डेमो एरिया) | सन् २००९ देखि २०११ सम्म (३ वर्षको लागि) | टेवटेवा फाउन्डेसन–फिलिपिन्स, एआइपिपि, आइडब्लुजिआए, नोराड, नेफिन | आदिबासी जनजाति महासङ्घ |
| पशुधन, जीविकोपार्जन र जलवायु परिवर्तन सम्बन्धी अन्तर्क्रिया | सूचना उपलब्ध नभएको | जिल्लाभर | २०१२ देखि २०१५ सम्म | सीआएसपी र अमेरिकी सहयोग नियोग | लिबर्ड |

### जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था

जनचेतना अभिवृद्धि र विकास अध्ययन समिति, हरियो वन कार्यक्रम, फेकोफन, आदिबासी जनजाती महासङ्घ

### संस्थागत संरचना

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

# १८. जिल्लाः कालिकोट

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढिबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| उच्च | अति न्यून | मध्यम | अति उच्च | अति न्यून |

**विकास क्षेत्र :** मध्य पश्चिमाञ्चल
**अञ्चल :** कर्णाली
**औसत तापक्रम :** न्यूनतमः ५.६ डिग्री सेल्सीयस
अधिकतम : १८.६ डिग्री सेल्सीयस
**औसत वर्षा :** ७३० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** २५० मिटरसम्म
**भौगोलिक बनावट :** उच्च पहाडी
**हावापानी :** समाशीतोष्ण




### *जिल्लामा सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

पहिरो, रोगको संक्रमण र अप्रत्यासित हावाहुरी कालिकोटको मुख्य समस्या बन्दै आएको समुदायले बताउँछन् । उनीहरूका अनुसार बेला बेला हुने असिना वर्षाले बालिनाली नष्ट हुने गरेको छ । त्यस्तै हिमनदीमा निर्भर खोला नदी र छागाँमा पानीको बहाव एक्कासी बढ्दा प्राकृतिक दुर्घटना भईरहेका छन् । इन्धनका लागि दाउराको प्रयोग अत्याधिक भईरहेका कारण वनफडानी भईरहेको छ । बालीनालीमा किरा र झारले असर गरेको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

समुदायले भूक्षयका घटनामा वृद्धि हुन सक्ने अनुमान गरेका छन् । उनीहरूका अनुसार पानीका स्रोतहरू सुक्न गई जनजीविकामा असर पर्न सक्ने सम्भावना रहेको छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना लागू गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| प्रकोपबाट हुने जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | प्रकोप नियन्त्रण तथा न्यूनीकरणका लागि योजना बनाउने, जलवायु परिवर्तनबाट समुदायमा पर्ने प्रभाव न्यूनीकरण गर्ने, कार्य प्रगती र सेवा प्रवाह मापन गर्ने । | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | विकासका लागि डेनमार्कको सहयोग विभाग (डिएमसिडिडि) | एकीकृत कर्णाली अनुसन्धान तथा विकास केन्द्र |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगौलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना लागू गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| जिल्ला ऊर्जा परिदृश्य योजना २००८ | | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | आर्थिक तथा प्राविधिक सहयोग वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, एसएनभी, हुरेन्डेक | |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | नेपालका गरीब तथा अति सङ्कटासन्न जनताहरू जलवायु परिवर्तनका असर सँग सक्षमताका साथ अनुकुलित हुन नेपाल जलवायु सहयोग कार्यक्रमले सुनिश्चत गर्दछ । | दाहा, लालु, मन्मा, मुग्राहा, राकु | सन् २०१२ देखि २०१५ सम्म, कार्यक्रम सञ्चालित क्षेत्रको लागि रू. ८,०३,००,००० | बेलायती सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, युरोपियन कमीसन र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा जिल्ला ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन इकाइ मार्फत कार्यान्वयन हुने । जिल्ला स्थित विभिन्न गैरसरकारी संस्था, सामाजिक संस्था र निजी क्षेत्रको सहयोगमा स्थानीय स्तरमा कार्यान्वयन गर्ने |
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | कालिकोट जिल्लाका सबै गाविस | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. १,७०,६४,४४७ | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग | आइडिएस नेपाल |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

एकीकृत कर्णाली अनुसन्धान तथा विकास केन्द्र, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, हुरेन्डेक, नेपाल रेडक्रस सोसाइटी, सुन्दर नेपाल (सुर्खेत) शाखा कार्यालय कालिकोट ।


### *संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## १९ जिल्लाः रूकुम

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| मध्यम | अति न्यून | उच्च | उच्च | अति न्यून |

**विकास क्षेत्र :** मध्य पश्चिमाञ्चल
**अञ्चल :** राप्ती
**औसत तापक्रम :** न्यूनतम : ०.४ डिग्री सेल्सीयस
अधिकतम : ३४ डिग्री सेल्सीयस
**औसत वर्षा :** १,६०० देखि २,२०० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ७५४ देखि ६,००० मिटरसम्म
**भौगोलिक बनावट :** पहाडी
**हावापानीः** अर्धउष्ण, समशितोष्ण, शितोष्ण




### *सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

समुदायले अनियमीत वर्षाका कारण खडेरी बढी रहेको अनुभव गरेका छन् । त्यस्तै सुख्खा मौसमका कारण आगलागीका घटनाहरू दोहोरी रहेका छन् । कृषि बालीमा विभिन्न रोगहरूका कारण उत्पादनमा ह्रास आएको छ । सिस्ने हिमालमा हिउँको सतह घटेको समेत स्थानीय बासिन्दा बताउँछन्. ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

बढ्दो तापक्रम वृद्धि सँगै जिल्ला स्थित हिमतालको आकारमा वृद्धि भई विष्फोट हुन सक्ने सम्भावना रहेको छ। यसले ठुलै विपत्ती आउन सक्ने र धनजनको क्षति हुन सक्ने अनुमान गर्न सकिन्छ । वर्षा चक्रमा परिवर्तन आउन सक्ने छ जसले गर्दा कृषि उत्पादनमा असर पर्न गई खाद्यान्नमा असर पर्न सक्नेछ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना सञ्चालन गर्ने सङ्घसस्था |
|---|---|---|---|---|---|
| विरूवा उत्पादन, वृक्षारोपण र अनुकूलन योजना तयारी | वनको विकास गरी जलवायु परिवर्तनको असरबाट अनुकूल हुने । | पुर्तिमकाँडा, पेउघा, पोखरा, दुली गरैयला र झुला । | करिब १,८८,००० वार्षिक रूपमा | नेपाल सरकार | जिल्ला वन कार्यालय रूकुम |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना सञ्चालन गर्ने सङ्घसस्था |
|---|---|---|---|---|---|
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | नेपालका गरीब तथा अति सङ्कटासन्न जनताहरू जलवायु परिवर्तनका असर सँग सक्षमताका साथ अनुकुलित हुन नेपाल जलवायु सहयोग कार्यक्रमले सुनिश्चत गर्दछ । | पुर्तिमकाँडा, दुली, अर्मा, चौकहवाङ्, घेट्मा | सन् २०१२ देखि २०१५ सम्म, कार्यक्रम सञ्चालित क्षेत्रको लागि रू. ६५४८३००० | बेलायती सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, युरोपियन कमीसन र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा जिल्ला ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन इकाइ मार्फत कार्यान्वयन हुने । जिल्ला स्थित विभिन्न गैरसरकारी संस्था, सामाजिक संस्था र निजी क्षेत्रको सहयोगमा स्थानीय स्तरमा कार्यान्वयन गर्ने |
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | रूकुम जिल्लाका सबै गाविस | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. १७२०९२७५ | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग | रूपान्तरण नेपाल |

### *जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था*

नेपाल जनजागरण मञ्च-रूकुम, रूकुमेली समाज विकास केन्द्र-रूकुम, रूपान्तरण नेपाल, मिक नेपाल-रूकुम, सामुदायिक वन उपभोक्ता महासङ्घ जिल्ला शाखा-रूकुम

### *संस्थागत संरचना*

जलवायु परिवर्तन मुद्दालाई सम्बोधन गर्नका लागि यस जिल्लामा जलवायु परिवर्तन र अनुकूलनका क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूले जलवायु परिवर्तन समन्वय समिति र कृषि तथा वन विकास (सञ्जाल) नामक संरचना गठन गरी काम गरिरहेका छन् ।

## २० जिल्ला: पर्वत

| नापा सङ्कटासन्नता सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| मध्यम | अति न्यून | उच्च | न्यून | न्यून |

**विकास क्षेत्र :** पश्चिमाञ्चल
**अञ्चल :** धौलागिरी
**औसत तापक्रम :** न्यूनतम : १९.१ डिग्री सेल्सीयस
अधिकतम : २६.६ डिग्री सेल्सीयस
**औसत वर्षा :** २५०० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ५२० देखि ३,३०९ मिटरसम्म
**भौगोलिक बनावट :** मध्य पहाडी
**हावापानी :** शितोष्ण




### *सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

झरना, कुवा तथा मुहानहरू सुक्दै जानाले पानीको अभाव भईरहेको छ । ऊर्जाको अभाव समेत हुँदै गएको छ । आगलागीका घटनामा वृद्धि भईरहेको छ । बीउ बिजन लोप हुँदै गएका छन् । जमिनको उर्वरा शक्तिमा ह्रास आउँदै गएको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

भविष्यमा पानीका स्रोतहरू सुक्न सक्ने अनुमान गरिएको छ । पानी पर्ने तरिकामा फेरबदल हुनाले यसले कृषि उत्पादनमा असर पन गई खाद्यन्न सुरक्षामा समेत प्रभाव पर्ने छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना लागू गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| समुदाय अनुकूलन कार्यक्रम | हरियो वन कार्यक्रम अन्तर्गत नै समुदायमा जलवायु परिवर्तनको प्रभाव अनुकूल का लागि विविध कार्यक्रम सञ्चालन गर्ने | जिल्लाको २२१ समुदाय | रू. १,४२,८५,००० | अमेरिकी सहयोग नियोग | विश्व वन्यजन्तु कोष, केयर, एनटीएनसी, फेकोफन |
| हिमाली क्षेत्रको पर्यावरणीय अनुकूलन कार्यक्रम | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | सन् २०१२ देखि २०१५ | जर्मन सरकार वातावरण मन्त्रालय | संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रम, विश्व संरक्षण सङ्घ |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना लागू गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| नेपाल जलवायु परिवर्तन अनुकूलन पहल कार्यक्रम | ग्रामीण तथा गरिब सुमदायलाई जलवायु परिवर्तनका असरको अनुकूलन गर्न सक्षम बनाउने । जलवायु परिवर्तनबाट उत्पन्न अवसरको खोजी र उपयोगबाट आर्थिक लाभ दिने । | जिल्लाभर | २०१२ देखि २०१७ | आइडीई र अमेरिकी सहयोग नियोग | रूपान्तरण तथा रिम्स नेपाल |
| परिस्थितिकिय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम | जलवायु परिवर्तनले पारस्थितिकिय प्रणालीमा पार्ने प्रत्यक्ष असर न्यूनीकरण गर्ने तथा त्यसमा आधारित समुदायलाई अनुकूलनका लागि जागरूक गराउने | सूचना उपलब्ध नभएको | सन् २०११ देखि २०१५ | संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रम, विश्व संरक्षण सङ्घ | वन विभाग र वन तथा भूसंरक्षण मन्त्रालय |
| क्लाइमेट डायरी | समुदायलाई जलवायु परिवर्तन र त्यसका असरबाट बच्न सक्षम बनाउने | जिल्लाभर | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | लिबर्ड |
| समुदायमा आधारीत जैविक विविधता व्यवस्थापन कार्यक्रम | जैविक विविधताको संरक्षणका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | जलवायु अनुकूलनमा सहकार्य गरिरहेका गाउँमा लागू गर्ने | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | लिबर्ड |
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | पर्वत जिल्लाका सवै गाविस | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. १,३७,०१,९०० | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग | लिबर्ड |

## *जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*

रूपान्तरण तथा रिम्स नेपाल, लिबर्ड, विश्व वन्यजन्तु कोष, केयर एनटीएनसी, फेकोफन ।


## *संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

# २१. जिल्ला: दैलेख

| नापा सङ्कटसन्नटा सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| उच्च | अति न्यून | मध्यम | अति उच्च | अति न्यून |

**विकास क्षेत्र :** मध्य पश्चिमाञ्चल
**अञ्चल :** भेरी
**औसत तापक्रम :** न्यूनतम: ५ डिग्री सेल्सीयस
अधिकतम: ३४ डिग्री सेल्सीयस
**औसत वर्षा :** १,७०० मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ५४४ देखि ४१६८ मिटरसम्म
**भौगोलिक बनावट :** पहाडी तथा उच्च पहाडी
**हावापानी :** शितोष्ण र ठण्डा लेकाली




### *सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

समुदायले पहिरो तथा सुख्खा मुख्य समस्याका रूपमा भोग्दै आएका छन् । तापक्रम वृद्धि सँगै जिल्लाको माथिल्लो क्षेत्रमा रहेका हिमताल फुट्न सक्ने खतरा रहेको छ । कृषि उत्पादनमा कमी आएको छ । साथै रोगको प्रकोप बढ्दै गएको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

जलवायु परिवर्तनका कारण तापक्रममा भईरहेको वृद्धिले जिल्लामा रहेका हिमताल फुट्न सक्ने सम्भावना रहेको समुदायको अनुमान छ । त्यस्तै वर्षा चक्रमा भएको परिवर्तनले कृषि उत्पादनमा असर पर्ने अनुमान गर्न सकिन्छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना सञ्चालन गर्ने सङ्घसस्था |
|---|---|---|---|---|---|
| जलवायु परिवर्तनमा समुदायको समानुकुलता वृद्धि कार्यक्रम | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | सन् २०१३ देखि २०१५ सम्म | अक्सफाम, नेदरल्याण्ड | लिबर्ड |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | नेपालका गरीब तथा अति सङ्कटासन्न जनताहरू जलवायु परिवर्तनका असर सँग सक्षमताका साथ अनुकुलित हुन नेपाल जलवायु सहयोग कार्यक्रमले सुनिश्चत गर्दछ । | सल्लेरी, नौलीकटुवाल,नौमुले, कालिका, नेपा | सन् २०१२ देखि २०१५ सम्म, कार्यक्रम सञ्चालित क्षेत्रको लागि रू. ८१६२२००० | बेलायती सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम, युरोपियन कमीसन र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा जिल्ला ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन इकाइ मार्फत कार्यान्वयन हुने । जिल्ला स्थित विभिन्न गैरसरकारी संस्था, सामाजिक संस्था र निजी क्षेत्रको सहयोगमा स्थानीय स्तरमा कार्यान्वयन गर्ने |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना सञ्चालन गर्ने सङ्घसस्था |
|---|---|---|---|---|---|
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | दैलेख जिल्लाका गाविस | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. २३१४७९२९ | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग, अक्सफाम | आइडिएस नेपाल सुडेक |

### *जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*

लिवर्ड, एभरेष्ट क्लव दैलेख, आइडिएस नेपाल ।

### *संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## २२. जिल्लाः नवलपरासी

| नापा सङ्कटसन्नटा सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| मध्यम | मध्यम | अति न्यून | न्यून | न्यून |

**विकास क्षेत्र :** पश्चिमाञ्चल
**अञ्चल :** लुम्बिनी
**औसत तापक्रम :** न्यूनतम : ५ डिग्री सेल्सीयस
अधिकतम : ४४ डिग्री सेल्सीयस
**औसत वर्षा :** २,१४५ मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** ९१ देखि १९३६ मिटरसम्म
**भौगोलिक बनावट :** महाभारत श्रृंखलाको चुरे पहाड
**हावापानी :** उष्ण




### *सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*

जलवायु परिवर्तनको प्रभावले बर्षेनी तापक्रममा वृद्धि भरहेको छ । खोलाहरूमा पानीको बहाव अनिश्चत रहँदा बाढीको जोखिम बढेको छ । कृषि उत्पादन घट्दै गएको छ भने बालीनालीमा नयाँ नयाँ रोग देखा पर्न थालेका छन् ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

अनियमीत वर्षाका कारण पहिरोका खतरा बढ्न सक्ने अनुमान गर्न सकिन्छ । त्यस्तै बाढी र सुख्खाका कारण कृषि उत्पादनमा असर पर्ने सम्भावना छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना सञ्चालन गर्ने सङ्घसस्था |
|---|---|---|---|---|---|
| नेपाल जलवायु परिवर्तन अनुकूलन पहल कार्यक्रम (आइसीसीए) | ग्रामीण तथा गरीब सुमदायलाई जलवायु परिवर्तनका असरबाट अनुकूलन गर्न सक्षम बनाउने । जलवायु परिवर्तनबाट उत्पन्न अवसरको खोजी र उपयोगबाट आर्थिक लाभ दिने । | सूचना उपलब्ध नभएको | समय अवधि सन् २०१२ देखि २०१७ | आईडीइ र अमेरिकी सहयोग नियोग | रूपान्तरण तथा रिम्स नेपाल |
| पशुधन, जीविकोपार्जन र जलवायु परिवर्तन सम्बन्धी अन्तर्क्रिया | सूचना उपलब्ध नभएको | सूचना उपलब्ध नभएको | सन् २०१२ देखि २०१५ सम्म | सीआएसपी र अमेरिकी सहयोग नियोग | लिबर्ड |

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना सञ्चालन गर्ने सङ्घसंस्था |
|---|---|---|---|---|---|
| तल्लोतहबाटै रेड कार्यक्रमको सक्षमता विकास गर्ने | ग्रामीण तहबाटै रेड प्लस सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | सूचना उपलब्ध नभएको | पहिलो चरणमा सन् २००९ जुलाईदेखि २०१० दोस्रो चरणमा २०१० जुलाई देखि २०१३ | नोराड | फेकोफन |
| नोर्डिक सहकार्य कार्यक्रम | वनमा आधारित समुदायको दिर्घकालीन आर्थिक विकासका लागि जलवायु परिवर्तन र त्यसको असर अनुकूलन गर्न सघाउ पुऱ्याउने । वनमा सुमदायको निर्भरता घटाउँदै लैजाने । | जिल्लाभर | कुल बजेट रू. ४,५१,७१५ युरो २०१४ मार्चदेखि २०१५ सम्म | डेनिस फरेष्ट्री एक्सटेन्सन | डब्लुसिएन, चौधरी बायोसेस नेपाल, बायोसेस इनर्जी |
| बहुसरोकारवाला वन कार्यक्रम | दिगो वन व्यवस्थापन गरी गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका क्षेत्रमा आवश्यक सहयोग गर्ने । | नवलपरासी जिल्लाका सबै गाविस, धुर्कोट, रामनगर | १० वर्ष (२०६९ देखि २०७८ सम्म) कुल बजेट रू. ११९०३२६० | मिनिष्ट्रि फर फरेन अफेयर्स अफ फिनल्याण्ड, स्वीस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कोअपरेसन, बेलायती सहयोग नियोग, अक्सफाम | |

## *जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*

रूपान्तरण तथा रिम्स नेपाल, डब्लुसिएन, चौधरी बायोसेस नेपाल, बायोसेस इर्नर्जी र जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समितिहरू सहमती, लिबर्ड ।

## *संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## २३. जिल्लाः रौतहट

| नापा सङ्कटसन्नटा सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| मध्यम | उच्च | अति न्यून | मध्यम | अति न्यून |

**विकास क्षेत्र :** मध्यमाञ्चल
**अञ्चल :** नारायणी
**औसत तापक्रम :** न्यूनतम : ........ डिग्री सेल्सीयस
अधिकतम : ........ डिग्री सेल्सीयस
**औसत वर्षा :** .................. मिलिमिटर
**उचाई (समुन्द्री सतहबाट) :** १२२ देखि २४४ मिटरसम्म
**भौगोलिक बनावट :** समथर तराई र बलौटे
**हावापानी :** उष्ण




### *सरोकारवाला तथा समुदायले अनुभव गरेका प्रमुख जलवायुजन्य प्रभावहरू*
समुदायले बाढीका कारण वर्षेनी धनजनको ठुलो क्षति बेर्होदै आएका छन् । बाढीले कृषि योग्य जमिन कटानमा परिरहेको छ । साथै बाढी पछि विभिन्न रोगको संक्रमण भईरहेको छ ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*
बाढीका घटनामा वृद्धि हुन सक्ने अनुमान गरिएको छ । त्यस्तै कृषिमा असर पर्न गई खाद्य असुरक्षा बढ्ने देखिन्छ । शितलहरका घटनामा वृद्धि हुन गई जनजीविकामा असर पर्ने अनुमान गर्न सकिन्छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*
अध्ययनको क्रममा जलवायु परिवर्तन अनुकूलनलाई सहयोग पुग्ने प्रकोप व्यवस्थापन, वन, संरक्षण, कृषि प्रवर्द्धन लयायतका कार्यक्रम सञ्चालित भएपनि जलवायु परिवर्तन अनुकूलनका ठोस कार्यक्रम अझै सञ्चालनमा आएको पाइएन ।

### *जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*
नेपाल रेडक्रस सोसाइटी, अक्सफाम

### *संस्थागत संरचना*
जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

# २४. जिल्ला: दोलखा

| नापा सङ्कटसन्नटा सूचाङ्क | बाढीबाट हुने जोखिम सूचाङ्क | भूक्षयबाट हुने जोखिम सूचाङ्क | खडेरीबाट हुने जोखिम सूचाङ्क | हिमताल बिष्फोटबाट आउने बाढीबाट हुने जोखिम सूचाङ्क |
|---|---|---|---|---|
| अति उच्च | अति न्यून | मध्यम | उच्च | अति उच्च |

**विकास क्षेत्र :** मध्यमाञ्चल

**अञ्चल :** जनकपुर

**औसत तापक्रम :** न्यूनतमः ८ डिग्री सेल्सीयस
अधिकतमः १९ डिग्री सेल्सीयस

**औसत वर्षा :** २०४३ मिलि मिटर

**उचाई (समुन्द्री सतहबाट) :** ७३२ देखि ७१४८ मिटर

**भौगोलिक बनावट :** उच्च हिमाली, हिमाली र उच्च तथा मध्य पहाड

**हावापानी :** समशीतोष्ण हावापानी भएतापनि लेकाली (अल्पाईन) र पर्वतीय (टुण्ड्रा) किसिमको हावापानीको क्षेत्र




### *सरोकारवाला तथा समुदायले अनुभव गरेका मुख्य वातावरणीय दुर्घटना*

अनियमीत वर्षा र तापक्रममा वृद्धि भईरहेको छ । सुख्खायामको समयमा वृद्धि हुनगई पानीका मुहान सुक्दै गएका छन् । यसले पिउने पानी र सिँचाइको समस्या देखिएको छ । पहिरो तथा बाढीले सन् १९८६ देखि २०११ सम्ममा १०० जनाले ज्यान गुमाएको र त्यस्तै ३ सय घरधुरी बिस्थापित भैसकेका छन् स्थानीयहरू बताउँछन् ।

### *भविष्यमा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असरहरू*

पानीका स्रोतहरू सुक्दै गएकाले पानीको समस्या विकराल बन्ने देखिन्छ । त्यस्तै सिँचाइमा असर पर्न गई कृषि उत्पादनमा कमी हुनुका साथै खाद्य सङ्कटको समस्या हुनसक्ने अनुमान गर्न सकिन्छ ।

### *जलवायु परिवर्तनका क्षेत्रमा भएका कार्यक्रम*

| कार्यक्रम तथा परियोजना | लक्ष्य तथा उद्देश्य | भौगोलिक पहुँच तथा लक्षित वर्ग | बजेट तथा कार्य अवधि | दातृ निकाय | परियोजना सञ्चालन गर्ने सङ्घसस्था |
|---|---|---|---|---|---|
| नेपालका सामुदायिक वनलाई हरितगृह ग्यास उत्सर्जनमा कमी ल्याएकोमा रेड अन्तर्गत निकायको गठन तथा भुक्तानी दिने कार्यक्रम | रेडको राष्ट्रिय रणनीतिमा सहभागिता गराउन नागरिक समाज तथा समुदायको क्षमता विकास गर्ने । दीर्घकालका लागि हरितगृह ग्यास उत्सर्जन कोष स्थापना गर्ने, समुदायमा आधारित वनको व्यवस्थापन रेडको रणनीति अनुसार गर्ने । | चर्नावति जलाधार क्षेत्र | २००९ जुलाईदेखि २०१३ मे सम्म | एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेसन नोराड | इसिमोड, फेकोफन, एनसाब, सामुदायिक वन उपभोक्ता समिति |

*जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल सङ्घसंस्था*

एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेसन, नोराड इसिमोड, फेकोफन, एनसाब र सामुदायिक वन उपभोक्ता समिति

*संस्थागत संरचना*

जिल्लामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न हालसम्म कुनै समन्वयात्मक निकाय रहेको छैन ।

## खण्ड एक

# निष्कर्ष तथा सुझाव

जलवायु परिवर्तनको प्रभाव उच्च हुने देशहरू मध्ये नेपाल पनि एक हो । जलवायु परिवर्तनबाट पर्ने नकारात्मक असरलाई न्यून गर्न र जलवायु परिवर्तन अनुकूलनका उपायहरूका लागि समुदायलाई सचेत गराउन नेपालमा व्यापक कार्यक्रमको खाँचो छ । त्यस्तै जलवायु परिवर्तनसँग जुझ्ने उपायहरू प्राथमिकताका साथ समुदाय माझ पुऱ्याउनु पर्ने हुन्छ । हामीले गरेको यी २४ जिल्लाको अध्ययनले अधिकांश जिल्लाहरूमा जलवायु परिवर्तनका प्रमुख असरमा बाढीजन्य प्रकोपको प्रवृतिमा वृद्धि हुँदै गएको देखिन्छ । त्यस्तै कृषि उत्पादनमा कमी आउँदै गएको छ । अध्ययन गरेका जिल्लाहरूमा जलवायु परिवर्तनका असर न्यूनीकरण, अनुकूलन र क्षमतावृद्धि तथा जनचेतनाका कार्यक्रम सञ्चालनमा रहेका छन् । समुदायमा आधारित सरकारी तथा गैरसरकारी संस्थाले समेत कार्यक्रम सञ्चालन गरिरहेका छन् । उदाहरणका लागि नवलपरासीमा जिल्ला विकास समितिकै पहलमा जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण कार्यक्रम सञ्चालनमा रहेको छ ।

केही जिल्लामा जलवायु परिवर्तन सम्बन्धी एक छुट्टै संयन्त्र गठन गरी परिचालन भईरहेका छन् । जिल्लास्तरीय जलवायु परिवर्तन समन्वय समितिको निर्माण र त्यसको प्रशासनिक काम जिल्ला विकास समितिको कार्यालयले हेर्ने व्यवस्था मिलाउनु पर्ने देखिएको छ । सो समितिमा जिल्लाका कृषि, पशु, स्वस्थ्य, सुरक्षा निकाएका प्रतिनिधि साथै गैरसरकारी महासङ्घका प्रतिनिधि, पत्रकार महासङ्घ र जोखिममा रहेका समुदायका प्रतिनिधित्त्व जरूरी छ । यो समितिले जिल्लास्तरमा भईरहेका र हुने जलवायु परिवर्तन समबन्धी कार्यक्रमहरूलाई व्यवस्थित गर्न मद्दत पुऱ्याने छ । जलवायु परिवर्तन समबन्धी जनचेतना हरेक गाविस तहसम्म पुऱ्याउनु पर्ने आवश्यकता देखिएको छ । जनचेतनाका लागि गाउँ तहसम्म छलफल, तालिमका माध्यमबाट जानकारी दिइन सकिन्छ । जिल्लामा भएका विभिन्न सञ्चारमाध्यमको विशेषगरी एफ एम रेडियो प्रयोग गरेर पनि जनचेतनाको कार्यक्रमहरू गर्न सकिने छ । जिल्लाका हरेक योजना तर्जुमा गर्दा जलवायु परिवर्तन विषयलाई प्राथमिकताका साथ राखेर हेर्ने र हरेक योजनामा जलवायु परिवर्तनका कार्यक्रमहरूलाई समावेश गर्ने वातावरण बनाउनु पर्छ । जलवायु परिवर्तनले विभिन्न क्षेत्रहरूमा फरक किसिमले प्रभाव पार्ने हुनाले पनि यसरी कार्ययोजनामा समाहित हुनु आवश्यक छ । साथै निर्माण कार्यमा पनि जलवायु मैत्री विकास कार्य हुनु जरूरी छ ।

- जलवायु मैत्री विकास तर्फ जोड दिनुपर्ने ।
- वन संरक्षणमा जोड दिँदै वन विकास सम्बन्धी नीति लागु गर्नुपर्ने ।
- जैविक खेती तर्फ जोड दिनुपर्ने ।
- जलवायु परिवर्तन सम्बन्धमा स्थानीयस्तरमा छुट्याइएको बजेट सिधैं उक्त कार्यमा लगानी गरिनु पर्ने ।
- जनचेतना तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम ।

## भावी कार्य दिशा

जिल्ला स्थित विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरू तथा समुदायसँगको छलफलका क्रममा आएका महत्त्वपूर्ण सुझावका आधारमा जिल्लामा जलवायु अनुकूलन तथा न्यूनीकरणको लागि निम्नानुसारका नीति निर्माण गरी कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## सरकारी तह

जलवायु परिवर्तनबाट हुने प्रकोप एवं जोखिमको न्यूनीकरण तथा रोकथामको निम्ति आवश्यक संयन्त्रको निर्माण गरी नियमित अनुगमन तथा क्षमता सुदृढ गर्न आवश्यक छ । जिल्लामा जलवायु परिवर्तनबाट जोखिममा रहेका तथा प्रभावित समुदाय र क्षेत्रहरूमा दीर्घकालीन, मध्यकालीन र तत्कालीनका गरी प्रकारका अनुकूलनका कार्यक्रमहरू पहिचान गरी कार्यान्वयन गर्दा असर न्यूनीकरण गर्न सकिने देखिन्छ ।

जलवायु अनुकूलनलाई समुदायको आर्थिक तथा सामाजिक विकासको निम्ति आय आर्जनसँग सम्बन्धित क्रियाकलापसँग आवद्ध गराउँदा बढी प्रभावकारी हुनसक्छ । जलवायु परिवर्तनबाट प्रभावित क्षेत्र तथा समुदायको पहिचान गरी सो क्षेत्रमा अनूकुलन तथा न्यूनीकरणको लागि स्थानीय ज्ञान, सीप तथा प्रविधिका उपायहरू अवलम्वन गर्ने योजना वनाउनु पर्छ । हरितगृह ग्यासको उत्सर्जन न्यून गर्न स्वच्छ तथा नवीकरणीय एवं वैकल्पिक ऊर्जाका क्षेत्रमा उपयुक्त प्रविधिको विकास र उपयोग गर्न आवश्यक योजना तयार गरी कार्यान्वयन तर्फ तत्काल जोड दिनुपर्छ । कार्बन व्यापारलाई प्रोत्साहन गरी आर्थिक स्रोत जुटाई प्रभावित समुदायको जीविकोपार्जनमा उकास्न सहयोग पुग्ने देखिन्छ । जलवायु परिवर्तन सम्बन्धमा समुदायलाई सचेतीकरण गर्न प्रभावकारी कार्यक्रम तत्काल सञ्चालन गर्न आवश्यक रहेको छ वैज्ञानिक रूपमा भू-उपयोग प्रणालीको विकास गरी लागु गर्ने, मिथेन कम उत्सर्जन गर्ने कृषि प्रविधिको विकास एवं विस्तार गर्ने, खाद्य सुरक्षालाई प्रतिकुल असर नपर्ने गरी जैविक इन्धनको प्रयोग तथा उपयोग गर्न प्रोत्साहन गर्ने जस्ता कार्यक्रम आवश्यक छन् । त्यस्तै जलवायु परिवर्तन सम्बन्धमा समुदायलाई सु-सूचित गराउन स्थानीय सञ्चारमाध्यमलाई प्रोत्साहन गर्दा प्रचार प्रसार गर्न सजिलो हुने देखिन्छ । जलवायु परिवर्तनको कारणबाट हुने विभिन्न स्वास्थ्य, पर्यावरणीय, खाद्यान्न लगायतका क्षेत्रमा सम्भावित जोखिमहरूबाट बच्न प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको छ ।

नेपाल सरकारको जलवायु परिवर्तन नीतिले यस क्षेत्रमा हुने कार्यक्रमहरू सोझै स्थानीय तहमा कार्यान्वयन हुनुपर्ने बताएपनि हालसम्म त्यस दिशामा आवश्यक प्रगति हुन सकेको छैन ।

## स्थानीय तह

गाविसमा जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि संयन्त्र गठन र त्यसको परिचालन गर्न जरूरी छ । समुदायमा जनचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन, रासायानीक मल तथा विषादीको उपयोगमा कमी ल्याउँदै जैविक खेती तर्फ जोड दिनुपर्ने, जलवायु परिवर्तन सम्बन्धमा स्थानीयस्तरमा विनियोजन गरिएको वजेट सिधै उक्त कार्यमा लगानी गरिनु पर्छ । यसले कार्यक्रमको प्रभावकारीता र बढी भन्दा बढी सहभागिता हुने देखिन्छ ।

*परिशिष्ठ १ : जिल्लामा जलवायु परिवर्तनसम्बन्धी पहलकदमी: अध्ययन ढाँचा*

| क्र.श. | विषयवस्तु | सूचनाका स्रोत |
|---|---|---|
| **खण्ड १** | **परिचय**<br>■ जिल्लाको भूगोल, जनसंख्या र जलवायुको अवस्थाबारे सामान्य परिचय | केन्द्रिय तथ्याङ्क विभाग र सो अन्तर्गतका शाखाहरू, जिल्ला प्रोफाइल |
| **खण्ड २** | **जलवायु परिवर्तन परिदृश्य**<br>■ जिल्लाको तापक्रम र वर्षाको विश्लेषण<br>■ विगत ३० वर्ष यता जिल्लामा घटेका विषम मौसमी र जलवायुजन्य घटना (सुख्खा, बाढी, पहिरो, रोग व्याधी, आदि)<br>■ समुदायले भोगेका र अनुभव गरेका जलवायु परिवर्तनका असरहरू (कृषि, जलस्रोत, वन तथा जैविक विविधता र स्वास्थ्य क्षेत्रमा)<br>■ जलवायु परिवर्तनले भविष्यमा विषयगत क्षेत्रमा पार्नसक्ने सम्भावित असरको परिदृश्य (समुदायका सदस्यहरूको अनुभव र धारणाको आधारमा) | जल तथा मौसम विज्ञान विभाग, नापा रिपोर्ट, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, जिल्लामा भएका अन्य अध्ययन, अनुसन्धान र प्रतिवेदनहरू<br>जिल्ला र गाउँ तहमा विज्ञहरू र समुदायका सदस्यहरूसँग छलफल |
| **खण्ड ३** | **जिल्लामा भएका जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम र पहलकदमीहरू**<br>■ हाल सन्चालनमा रहेका जलवायु परिवर्तन अनुकूलन, नवीकरणीय ऊर्जा, दीगो कृषी र वन सम्बन्धी कार्यक्रमहरू (कार्यक्रम र परियोजनाको विवरण: लक्ष्य तथा उद्देश्य, विषयगतक्षेत्र, परियोजनाले समेटेको भौगोलिक क्षेत्र, परियोजनाको कुल लागत, परियोजना लागु गर्ने संस्था र दातृ संस्था वा निकाय, परियोजना अवधी)<br>■ माथि उल्लेखित विषयमा भविष्यमा लागु हुन लागेका परियोजना तथा कार्यक्रमहरू<br>■ जलवायु परिवर्तनको मुद्दालाई सम्बोधन गर्न जिल्लामा विद्यमान संस्थागत संरचना<br>■ कार्यान्वयन भएका परियोजनाहरूको प्रभावकारिता, असल अभ्यास र केस स्टडीहरू | विभिन्न संस्थाहरूका प्रमुख जानकार व्यक्तिहरूसँग अन्तर्वाता, सरोकारवालाहरूसँग छलफल, कार्यक्रम प्रतिवेदनहरू |
| **खण्ड ४.** | **भावी कार्यदिशा**<br>■ सुदृद नीति तथा कार्ययोजना<br>■ सरकारी निकाय र नागरिक समाजको भूमिका<br>■ जनचेतना, तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू | विज्ञ तथा सरोकारवालाहरूसँग छलफल<br>जिल्ला र गाउँतहमा के के गर्न सकिन्छ पनि समेट्नुहोस् । |




स्वच्छ उर्जा नेपाल (क्लिन इनर्जी नेपाल)
१४० बुलबुलेमार्ग, थापागाउँ, बानेश्वर
पो.ब.नं. २४५८१, काठमाडौं, नेपाल
फोन ०१-४४६४९८१/६९१५६४९
इमेल info@cen.org.np
वेब www.cen.org.np



सहयोग

OXFAM

This project is funded by the European Union